# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक १६ | काठमाडौं | बुधबार, २६ वैशाख २०८१ | Prabhab National Daily | Wednesday, May 08, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


# कर बढाउन सधैं आनाकानी

## बर्सेनि २७ हजारको ज्यान लिने चुरोट उद्योगीप्रति सरकार उदार




दक्षिण एसियाली मुलुकहरूले सुर्तीजन्य वस्तुमा लागू गरेका करको दर र विश्व स्वास्थ्य संगठनले गरेको सिफारिस (प्रतिशतमा) ।

हरेक वर्ष सुर्ती, चुरोट र मदिरामा करका दर वृद्धि हुने कुरा 'ओपन सेक्रेट' नै छ । तर, निश्चित प्रतिशतभन्दा बढी कर नबढाउन दबाब आउने गरेको अर्थ मन्त्रालय स्रोतले बतायो ।

■ राजु श्रेष्ठ

**काठमाडौं–** विश्व स्वास्थ्य संगठनलगायतका विभिन्न अन्तर्राष्ट्रिय निकाय तथा स्वदेशी अनुसन्धान केन्द्रहरूले चुरोट तथा सुर्तीजन्य पदार्थमा करको दरलाई उच्च वृद्धि गर्न दबाब दिँदै आएको भए पनि नेपाल सरकारले यसप्रति बेवास्ता गर्दै आएको छ ।

विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ)ले चुरोट तथा सुर्तीजन्य पदार्थको बिक्री मूल्यमा करको हिस्सा ७५ प्रतिशत हुनुपर्ने मापदण्ड तोकेको छ । नेपाल सरकारले त्यसलाई बेवास्ता गर्दै आधाभन्दा पनि कम अर्थात् करिब ३३ प्रतिशतमात्रै कर लगाउँदै आएको छ । सुर्ती तथा चुरोट कारोबारीहरूको दबाबमा सरकारले कर बढाउन नसकेको धूमपान तथा सुर्ती सेवनविरुद्धको अभियान सक्रिय अभियन्ताहरूको भनाइ छ ।

'हरेक वर्ष बजेटमा सुर्ती तथा चुरोटमा सामान्य कर वृद्धि गरेर अरूको आँखामा छारो हाल्ने काममात्रै हुँदै आएको छ । डब्ल्युएचओको मापदण्डअनुसार सुर्तीजन्य वस्तुमा न्यूनतम पनि ७५ प्रतिशत कर लगाउन अनिवार्य छ । तर, नेपालमा भने बल्ल ३३ प्रतिशत पुगेको छ,' अभियन्ता डा. सागरमणि खड्का भन्छन्, 'अघिल्ला आर्थिक वर्षका बजेटमा सुर्ती तथा चुरोटमा औसत १० प्रतिशतको हाराहारीमा कर वृद्धि हुँदै आएको थियो । तर, आर्थिक वर्ष २०८०/८१ मा भने अहिलेसम्मकै न्यून अर्थात् तीन प्रतिशतमात्रै कर वृद्धि गरिएको छ । यसले विभिन्न अनुसन्धान तथा राष्ट्रिय-अन्तर्राष्ट्रिय समुदायको आग्रहलाई लत्याइएको मात्र छैन, देशको अर्थतन्त्र र जनताको स्वास्थ्यमा पनि खेलबाड भएको छ ।'

नेपालमा सुर्ती-चुरोटमा लगाइने कर डब्ल्युएचओको मापदण्डभन्दा अत्यन्तै न्यूनमात्रै होइन, छिमेकी देशहरूको तुलनामा पनि ज्यादै कम रहेको छ । स्वास्थ्य अधिकार तथा सुर्ती नियन्त्रण सञ्जाल नेपालले सन् २०२३ मा गरेको अध्ययनअनुसार सुर्तीजन्य वस्तुमा करको दर उच्च रहेको दक्षिण एसियाली मुलुकमा श्रीलंका हो । श्रीलंकाले ७७ प्रतिशत कर लगाएको छ ।

त्यसैगरी बंगलादेशले सुर्तीजन्य वस्तुमा ७३ प्रतिशत, पाकिस्तानले ६१ र भारतले ५८ प्रतिशत कर लगाएको छ । नेपालमा भने अझै ३३ प्रतिशतमै सीमित छ । नेपालले सुर्तीजन्य वस्तुमा लगाउँदै आएको न्यून करका कारण नेपालमा सुर्ती-चुरोटको बिक्री मूल्य कम भएकाले यसको चोरी पैठारीसमेत हुँदै आएको छ । नेपालको तुलनामा सुर्ती-चुरोट भारतमा दोब्बर मूल्यमा बिक्री हुने भएकाले चोरी तस्करी बढ्दा सरकारलाई भन्सार राजस्वमासमेत ठूलो नोक्सानी हुँदै आएको छ ।

(क्रमशः पृष्ठ २ मा)

# संसदीय छानबिनको त्रासमा गृहमन्त्री

## महान्यायाधिवक्ताको कार्यालय र सभामुखसामु मागे गुहार



एकैपटक मान्छेलाई थुनेर ढ्यामढुम गरेर कही बोल्नै नदिने सफायको मौका त मृत्युदण्ड दिएर फाँसीमा झुन्ड्याएको मान्छेले पनि पाउँछ होला नि त ! आफ्ना कुराहरु राख्न कहीँ पनि पाइएन ।

■ **रवि लामिछाने**
**उपप्रधान तथा गृहमन्त्री**



हामीले संसदीय छानबिन समितिको कुरा राखेको छौं । सरकारले आगामी बैठकमा प्रस्तुत हुँदा सहकारी ठगीमा संलग्नताबारे प्रश्न उठेपछि समिति बनाउनुपर्छ भन्ने कुरा राखेका छौं ।

■ **रमेश लेखक**
**प्रमुख सचेतक, नेपाली कांग्रेस**



समस्याहरु आइरहन्छन्, समस्याले सदनलाई अवरोध गर्दैन भन्ने मेरो बलियो विश्वास छ । आजको छलफलले २८ गतेबाट सुरु हुने अधिवेशन अगाडि जाने आधार तयार भएका छन् । चल्दैन भन्ने शंका गर्नुपर्ने आधार देखेको छैन ।

■ **देवराज घिमिरे**
**सभामुख**

■ प्रभाव संवाददाता

**काठमाडौं–** उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने संसदीय छानबिन समितिसँग त्रसित सुनिएका छन् । मंगलबार सभामुख देवराज घिमिरेले संसद्को आगामी अधिवेशन सहज बनाउन डाकेको बैठकमा गृहमन्त्री लामिछाने त्रसित सुनिएका हुन् । 'एकैपटक मान्छेलाई थुनेर ढ्यामढुम गरेर कही बोल्नै नदिने, सफायको मौका त मृत्युदण्ड दिएर फाँसीमा झुन्ड्याएको मान्छेले पनि पाउँछ होला नि त,' बैठकपछि गृहमन्त्री लामिछानेले भने, 'प्रहरीमा निवेदन छैन । महान्यायाधिवक्ता कार्यालयबाट बुझ्दा कुनै अदालतमा प्रतिवादी बनाइएको छैन । कहीँ कसैले बयानमा पोलेको छैन । उठ्यो, ढ्यामढुम्म उठ्यो । एकैपटक छेकियो । बोल्न, स्पष्टीकरण दिन, आफ्ना कुराहरू राख्न कहीँ पनि पाइएन । सीधै समिति चाहियो । यस्तो हुन्छ र ? संसदीय अभ्यास यो हो र ?'

लामिछानेले बैठक बस्नुअघि बिहानै संसदीय दलको बैठक डाकेर संसदीय छानबिन समिति अस्वीकार गर्ने निर्णय गरेको थियो । यही वैशाख २८ गते बजेट अधिवेशनका लागि संघीय संसद्को संयुक्त सदनको बैठक आह्वान गरिएको छ । सोही बैठकलाई सहज बनाउन सभामुख घिमिरेले प्रमुख दलका शीर्ष नेतासँग सभामुखको कार्यालय सिंहदरबारमा मंगलबार छलफल गरेका थिए । छलफलमा प्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलगायत सहभागी थिए । कांग्रेसले संसदीय समितिको माग यथावत् राखेपछि बैठक निष्कर्षविनै टुंगिएको थियो ।

संसदीय समिति बेकारको कुरा भएको बैठकपछि गृहमन्त्री लामिछानेको दाबी रह्यो । 'अदालतले भ्रष्टाचार गरेको प्रमाणित गरेको मान्छे सदनमा आउने, अनि कुनै उजुरी नै नपरेको मान्छेको नाममा समिति बनाउनुपर्ने यही हो नजिर ?,' सर्वदलीय बैठकपछि लामिछानेले प्रश्न गरे ।

### महान्यायाधिवक्ता कार्यालयको ढाकछोप

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापतिसमेत रहेका गृहमन्त्री लामिछानेले महान्यायाधिवक्ताको कार्यालयबाट 'क्लिन चिट' लिएर सभामुखसामु गुहार मागेका छन् । 'यही २८ गतेबाट चालु हुने अधिवेशनको प्रारम्भिक दिनहरूमा संसद्मा उपस्थित भई गत अधिवेशनमा उठेका प्रश्नहरूको जवाफ दिने व्यवस्था मिलाइदिनुहुन मेरो व्यक्तिगत विषयमा उठेका प्रश्नहरूको सम्बन्धमा उजुरी र जाहेरी, अनुसन्धान तथा अभियोजनसमेत नभएको भनी महान्यायाधिवक्ता कार्यालयबाट मलाई जानकारी गराइएको पत्र यसैसाथ संलग्न गरी सम्माननीयज्यूसमक्ष निवेदन गर्दछु,' पत्रमा लामिछानेले लेखेका छन् । सहकारी प्रकरणमा आफू चोखो रहेको देखाउन लामिछानेले महान्यायाधिवक्ता कार्यालयबाट पत्र ल्याएका थिए । सहायक न्यायाधिवक्ता अनुकूल बारकोटीले हस्ताक्षर गरेको पत्रमा लामिछानेमाथि कुनै अभियोजन नरहेको उल्लेख गरिएको छ ।

'रूपन्देही जिल्ला अदालतमा दायर भएको सुप्रिम बचत तथा ऋण सहकारी संस्था, चितवनको साहारा सहकारी संस्था तथा कास्कीको सूर्यदर्शन सहकारी संस्थाको रकम हिनामिनामा यहाँको संलग्नता रहे नरहेको र कुनै उजुरी परेको, अनुसन्धान वा अभियोगपत्र दायर भएको वा नभएको सम्बन्धमा जिल्ला सरकारी वकिल कार्यालय रूपन्देही, चितवन र कास्कीमा बुझिपठाउँदा यहाँउपर हालसम्म कुनै उजुरी/जाहेरी अनुसन्धान तथा अभियोजनसमेत भएको नदेखिएको जवाफ प्राप्त हुन आएकोले सोही व्यहोरा आदेशानुसार अनुरोध गरिन्छ,'

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भ: वैदेशिक रोजगार**

## इपिएस भाषा परीक्षामा नयाँ व्यवस्था

# सबै क्षेत्रको परीक्षा एकैपटक, वर्षको एकपटक मात्रै

■ मोहनप्रसाद पन्त

**काठमाडौं–** आगामी वर्षदेखि इपिएस भाषा परीक्षा वर्षमा एकपटक मात्र सञ्चालन हुने भएको छ । एचआरडी कोरियाले रोजगार अनुमति प्रणाली (इपिएस) मार्फत लैजाने श्रमिकका लागि सबै क्षेत्रमा एकैपटक आवेदन आह्वान गर्ने तयारी गरेको हो ।

वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखाका अनुसार सन् २०२५ देखि कोरियाले लैजान चाहेको सबै क्षेत्रका श्रमिकलाई एकैपटक इपिएस परीक्षाका लागि आवेदन माग गर्ने तयारी भइरहेको जानकारी दिएको छ । कोरियाले हाल विभिन्न चार क्षेत्रमा काम गर्न नेपाली श्रमिक लैजान थालेको छ । यसअघि कृषि र उत्पादनमूलक क्षेत्रमा मात्रै श्रमिक लिने गरेको कोरियाले पछिल्लो समय सिप बिल्डिङ र सेवामूलक क्षेत्रमा पनि लैजान सुरु गरेको छ ।

यी क्षेत्रहरूमा फरक-फरक समयमा भाषा परीक्षाका लागि आवेदन लिँदा विभिन्न समस्या बेहोर्नुपर्ने र आवेदन दिने परीक्षार्थीको संख्या पनि उच्च हुने भएकाले उक्त समस्या नियन्त्रणका लागि सबै क्षेत्रमा लागू हुनेगरी एकैपटक आवेदन दिन सकिने व्यवस्था गर्न लागिएको इपिएस शाखाले जनाएको छ । शाखाकी निर्देशक मैया कँडेलले ठूलो संख्यामा कोरियन भाषा पढेर कोरिया जान तयार रहेकाहरूले सबै क्षेत्रमा आवेदन दिँदा परीक्षा सञ्चालनमा कठिनाइ हुनुका साथै श्रमिक छनोट तथा रोस्टरमा सूचीकृत गर्न ढिलाइ हुने भएकाले एकैपटक आवेदन आह्वान गर्ने तयारी भएको बताइन् ।

'अब सबै क्षेत्रलाई समेट्ने गरी वर्षको एकपटक भाषा परीक्षाका लागि आवेदन आह्वान गरिने छ,' उनले भनिन्, 'आवेदकले आफूले चाहेको क्षेत्र छनोट गरी फाराम भर्न र परीक्षा दिन सक्ने छन् ।' अनलाइनमार्फत आवेदन दिने व्यवस्था भएकाले एउटा क्षेत्र छनोट गरेका आवेदकले अर्को क्षेत्र छनोट गर्ने अवसर नपाउने र वर्षमा एकपटक मात्रै भाषा परीक्षा दिन सकिने निर्देशक कँडेलको भनाइ छ । उनका अनुसार कोरियालाई सबै क्षेत्रमा चाहिने आवश्यक जनशक्ति एकैचोटि माग गर्नेगरी कोटा निर्धारण गर्न आग्रह गरिएको छ । 'यसो भएमा कृषि, उत्पादनमूलक, सिप बिल्डिङ तथा सेवामूलक क्षेत्र सबैका लागि एकैपटक आवेदन आह्वान गर्न सजिलो हुन्छ,' उनले भनिन् ।



अब सबै क्षेत्रलाई समेट्ने गरी वर्षको एकपटक भाषा परीक्षाका लागि आवेदन आह्वान गरिने छ । आवेदकले आफूले चाहेको क्षेत्र छनोट गरी फाराम भर्न र परीक्षा दिन सक्ने छन् ।

■ **मैया काडेल**
**निर्देशक, इपिएस कोरिया शाखा**

कोरियाले इपिएस प्रणालीमार्फत नेपाललगायत १६ वटा मुलुकबाट श्रमिक लैजाने गरेको छ । कोरियाले व्यवस्था गरेअनुसार एक वर्षमा एउटा क्षेत्रमा मात्र भाषा परीक्षाका लागि आवेदन दिन पाइन्छ । यद्यपि, सन् २०२३ मा कोरियाले उत्पादनमूलक क्षेत्रमा लैजान १५ हजार ४४८ नेपालीको कोटा निर्धारण गरी आवेदन माग गरेकोमा सोही वर्ष सिप बिल्डिङ क्षेत्रमा असफल भएकाहरूले पनि फाराम भर्ने अवसर पाएका थिए । सिप बिल्डिङमा असफल भएका र नयाँ गरी एक लाख ६३ हजार ६३५ जनाले उत्पादनमूलक क्षेत्रमा जान परीक्षाका लागि आवेदन दिएको शाखाले जनाएको छ । सिप बिल्डिङमा असफल भएकाहरूले पनि उत्पादनमूलक क्षेत्रका लागि फाराम भर्न पाउनुपर्ने मागसहित आन्दोलनमा उत्रँदा दुई जनाको ज्यानसमेत गएको थियो ।

कोरियाले रोजगारीको क्षेत्र बढाउँदै लैजाँदा नेपालबाट जाने श्रमिकको संख्या पनि उल्लेख्य बढ्दै गएको छ । साथै कोरियाले नेपाली श्रमिकहरूलाई प्रथमिकतामा राख्दै माग संख्या पनि बढाउँदै लगेको इपिएस शाखामा रहेको पछिल्ला केही वर्षको तथ्यांकले देखाएको छ । गत वर्ष झण्डै २० हजार नेपाली श्रमिक रोजगारीका लागि कोरिया पुगेको इपिएस शाखाले जनाएको छ । यद्यपि, कोरियाले माग गरेको संख्याको तुलनामा इपिएस परीक्षामा सहभागी हुन फाराम भर्नेहरूको संख्या अप्रत्यासित बढेका कारण वर्षभरि नै परीक्षा गर्नुपर्ने बाध्यता आइपरेको निर्देशक कँडेलले बताइन् ।

यसलाई व्यवस्थित र पादर्शी बनाउन माग संख्याको तीन गुणामात्रै आवेदन दिन मिल्ने अनलाइन प्रणालीमा व्यवस्था गरिएको उनले जानकारी दिइन् । 'माग संख्याको तीन गुणा आवेदन पुगेपछि स्वतः आवेदन अस्वीकृत हुन्छ,' निर्देशक कँडेलले भनिन् । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभाग, विभागअन्तर्गतको इपिएस कोरिया शाखा र एचआरडी कोरियाबीच पटक-पटक भएको छलफलबाट उक्त निर्णय भएको उनले बताइन् ।

**'पेमेन्ट गेटवे' खरिदमा भ्रष्टाचार प्रकरण**

# सुनील पौडेललाई सवा २३ करोड जरिवाना, नौ वर्ष कैद

■ जेबी योञ्जन

**काठमाडौं–** सरकारी कारोबार विद्युतीय माध्यमबाट गर्ने भुक्तानी प्रणाली 'पेमेन्ट गेटवे'का उपकरण तथा परामर्श सेवा खरिदमा दोषी ठहरिएका नेपाल टेलिकमका तत्कालीन प्रबन्ध निर्देशक सुनील पौडेलविरुद्ध २३ करोड २७ लाख ५८ हजार ७७ रूपैयाँ जरिवानाको फैसला भएको छ । साथै, नौ वर्ष कैदको सजाय तोकिएको छ ।

विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर र सदस्य मुरारीबाबु श्रेष्ठको संयुक्त इजलासले मंगलबार यस्तो फैसला गरेको हो । पौडेलबाटै जरिवाना तोकिएको बराबरको रकम असुलउपर गर्न पनि आदेशमा भनिएको छ । पौडेल पेमेन्ट गेटवे प्रकरणमा दोषी ठहर भएको भने यही ७ वैशाखमा हो । जरिवाना र कैद सजाय १८ दिनपछि मंगलबार तोकिएको छ । उनी डिल्लीबजार कारागार चलान भइसकेका छन् ।



- नेपाल टेलिकमका तत्कालीन प्रबन्ध निर्देशक पौडेलविरूद्ध नौ वर्ष कैद र २३ करोड २७ लाख ५८ हजार ७७ रूपैयाँ जरिवाना
- पौडेलबाटै जरिवाना तोकिएको बराबरको रकम असुलउपर गर्न आदेश

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सरकारको सम्पत्ति २५ करोड गैरकानुनी तवरले पौडेलले हानिनोक्सानी गरेको भन्दै विशेष अदालतमा गत वर्षको १५ असोजमा आरोपपत्र दायर गरेको थियो । आरोपपत्रमा राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन कार्यकारी निर्देशकसमेतको मिलेमतो र योजनामा छ वर्षअघि खरिद गरिएको नेसनल पेमेन्ट गेटवे अहिलेसम्म प्रयोगमा आउन नसकेको पनि उल्लेख थियो । आवश्यक पूर्वाधार नै तयार नगरी अस्वाभाविक लागत तयार गरी स्वीकृत गराएर २५ करोड सरकारलाई हानि पुऱ्याएको भनिएको थियो ।

उक्त मुद्दामा अन्ततः पौडेल दोषी ठहरिँदै कारागार चलान भए । उनले केन्द्रका कार्यकारी निर्देशकको तर्फबाट परामर्श सेवा खरिदका लागि सिएमए स्मल सिस्टम एबीसँग सम्झौता गरेको अख्तियारको अनुसन्धानले देखाएको थियो । यसपछि परामर्श सेवा खरिद गरी पौडेलले संस्थाको प्रमुखको हैसियतमा भुक्तानी दिने आदेश गरी २३ करोड २७ लाख ५८ हजार ७७ रूपैयाँ भुक्तानी गरेको पनि उल्लेख थियो । सोही दाबीलाई ठह्याउँदै विशेष अदालतले पौडेललाई जरिवाना र कैद सजाय सुनाएको हो ।

आदेशमा भनिएको छ, 'उक्त रकम भुक्तानी गरी खरिद गरिएको सफ्टवेयर सञ्चालनमा ल्याउनुपर्ने जिम्मेवारी संस्थाको प्रमुखको रूपमा निज प्रतिवादीको रहेकोमा हालसम्म पनि सञ्चालनमा आएको देखिएन । अतः निज प्रतिवादीले आफ्नो ओहोदाको कर्तव्य पालना गर्दा लापरबाही गरी उक्त मूल्य तिरी खरिद गरिएको परामर्श सेवा र सफ्टवेयर (क्रमशः पृष्ठ २ मा)

## पृष्ठ १ बाट क्रमशः

**संसदीय छानबिनका...**

महान्यायाधिवक्ता कार्यालयले पत्रमा भनेको छ। यही वैशाख ३ गते जिल्ला सरकारी वकिल कार्यालय रूपन्देहीले सुप्रिम सहकारीको ८६ करोड रूपैयाँ अपचलन गरेको अभियोगमा २८ जनाविरुद्ध मुद्दा दायर गरेको थियो। उक्त अभियोगपत्रमा लामिछानेका नाममा दुईपटक गरी झण्डै दुई करोड रूपैयाँ निकास भएको उल्लेख छ। रकम हिनामिनामा संलग्न रहेको उल्लेख गरे पनि जिल्ला सरकारी वकिल कार्यालयले दबाबमा उनलाई प्रतिवादी कायम गरेन।

अभियोगपत्रमा लामिछानेले दुई करोड रूपैयाँ विनाकागजात ऋण लिएको उल्लेख छ। उनले सेवा शुल्क कटाएर एक करोड ९६ लाख रूपैयाँ प्राप्त गरेको लेखिएको छ। अभियोगपत्रमा भनिएको छ, 'उक्त रकम श्री रवि लामिछानेको नाममा ऋण खडा गरी मिति २०७७ चैत १८ गते श्री गोर्खा मिडिया नेटवर्क प्रालिको ग्लोबल आइएमई बैंक लिमिटेडको खातामा सेवा शुल्कबापत चार लाख रूपैयाँ कट्टी गरी संस्थाले एक करोड ९६ लाख रूपैयाँ जम्मा गरेको देखिन्छ।'

### कांग्रेस समितिकै अडानमा, सभामुख भने विश्वस्त

मंगलबार दिउँसो सभामुखको कार्यकक्षमा दुई घण्टा चलेको बैठकमा कांग्रेस टसमस नभएपछि बैठकले कुनै निष्कर्ष निकाल्न सकेन। बैठकमा कांग्रेसका तर्फबाट प्रमुख सचेतक रमेश लेखकले पार्टीको भनाइ प्रस्तुत गरेका थिए। बैठकमा आफूले गृहमन्त्रीमाथि कानुनी प्रश्न उठेकाले संसदीय समितिको अडान राखेको बताए।

'हामीले संसदीय छानबिन समितिको कुरा राखेका छौं। गृहमन्त्रीको राजीनामा मागेका छैनौं, सहकारी ठगीमा संलग्नताबारे प्रश्न उठेपछि सरकारले आगामी बैठकमा प्रस्तुत हुँदा समिति बनाउनुपर्छ भन्ने कुरा राखेका छौं। सरकारले समिति बनाउँछ भन्ने विश्वास राखेका छौं,' लेखकले भने।

के त्यसो भए कांग्रेसले सदन चल्न नदिने हो ? पत्रकारहरूको प्रश्नमा लेखकको जवाफ थियो, 'सदन चल्ने नचल्ने सरकार कसरी प्रस्तुत हुन्छ भन्नेमा भर पर्छ। हामीले सरकारकाप्रति अविश्वास गरेका छैनौं। कोही नेता कानुनभन्दा माथि छ भन्ने सोच बनाउँदैन। प्रश्न उठेपछि सरकार आफैंले छानबिन गर्नुपर्छ भन्ने पक्षमा पुग्छ।'

बैठकपछि सभामुख घिमिरेले सदन अवरोध गर्नुपर्ने कुनै कारण नभएको दाबी गरे। 'समस्याहरू आइरहन्छन्, समस्याले सदनलाई अवरोध गर्दैन भन्ने मेरो बलियो विश्वास छ, समस्याको समाधान कतिपय राजनीतिक दलहरूबाट हुन्छन्। कतिपय सदनबाटै हुन्छन्, आजको छलफलले २८ गतेबाट सुरु हुने अधिवेशन अगाडि जाने आधार तयार भएका छन्। चल्दैन भन्ने शंका गर्नुपर्ने आधार देखेको छैन,' उनले भने।

'संसद्लाई समस्या समाधानको थलो बनाउने कि अवरोधको थलो बनाउने ?' भन्ने कुरामा समस्या समाधान गर्ने थलोको रूपमा कांग्रेस लाग्नेमा आफू विश्वस्त रहेको सभामुख घिमिरेले बताए।

■■■

**कर बढाउन ...**

तर, सुर्ती-चुरोटका कारोबारीहरूको प्रभावका कारण सरकारले कर वृद्धिका सम्बन्धमा आवश्यक निर्णय लिन नसकेको सरकारी अधिकारीहरू नै बताउँछन्।

हरेक वर्ष सुर्ती, चुरोट र मदिरामा करका दर वृद्धि हुने कुरा 'ओपन सेक्रेट' नै छ। तर, निश्चित प्रतिशतभन्दा बढी कर नबढाउन दबाब आउने गरेको अर्थ मन्त्रालय स्रोतले बतायो। 'सुर्ती-चुरोटमा करको दर बढाउन विभिन्न स्वास्थ्य संगठनहरूबाट सुझाव आउने गर्छ। राजस्वको स्रोत बढाउन अर्थ मन्त्रालयभित्र पनि सुर्ती-चुरोटमा करको दरलाई अलि बढी वृद्धि गर्नुपर्ने विषयमा छलफल पनि हुन्छ। तर अन्ततः कर्मकाण्डी हिसाबले मात्रै कर बढ्छ। चालु आर्थिक वर्षमा त साह्रै न्यून भयो,' अर्थ मन्त्रालयका एक अधिकारीले भने।

डब्ल्युएचओले सुर्ती-चुरोटको नियन्त्रणका निम्ति छ प्रभावकारी उपायमध्ये करलाई प्रमुख उपायका रूपमा लिएको छ। अमेरिकी नेसनल क्यान्सर इन्स्टिच्युटद्वारा प्रकाशित अध्ययन प्रतिवेदनमा 'सुर्ती तथा सुर्तीजन्य वस्तुको नियन्त्रणको अर्थशास्त्र' मा पनि सुर्तीजन्य वस्तु नियन्त्रणमा प्रचलित र प्रभावकारी उपायमा कर बढाउनुलाई नै विकल्पका रूपमा लिइएको छ। यस्ता वस्तुको मूल्य १० प्रतिशतले बढ्दा खपत सरदर पाँच प्रतिशतले घट्ने अध्ययनमा उल्लेख छ।

सुर्ती-चुरोटबाट सरकारले वार्षिक पाँचदेखि सात अर्ब रूपैयाँ कर प्राप्त गर्छ। तर, सुर्ती-चुरोटको खरिद र यसको सेवनबाट हुने रोगको उपचारका निम्ति वार्षिक ४० अर्ब रूपैयाँभन्दा बढी खर्च हुने अध्ययनले देखाएको छ। धूमपान तथा सुर्ती नियन्त्रणका लागि नेपालले बनाएका कानुन राम्रा भए पनि कार्यान्वयनपक्ष फितलो रहेको छ। त्यही कमजोरीका कारण करमा पनि चलखेल गर्ने मौका पाउने अभियन्ताहरूको भनाइ छ। उनीहरूले अहिले सरकारले आगामी आर्थिक वर्षको बजेट निर्माण गर्ने क्रममा रहेकाले अहिले सुर्ती-चुरोटमाथि सरकारले निर्मम भएर कर बढाउनुपर्ने सुझाव दिएका छन्।

नेपालले सन् २००३ मा सुर्तीजन्य पदार्थ रोकथामको अन्तर्राष्ट्रिय महासन्धिमा हस्ताक्षर गरेको थियो। सन् २००६ मा नेपालले उक्त महासन्धि अनुमोदन गरेको जानकारी दिँदै त्यसकै आधारमा सन् २०११ मा सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन ऐन तथा निर्देशिका जारी गरेको हो।

विश्व स्वास्थ्य संगठनद्वारा गरिएको नसर्ने रोगको सर्वेक्षणअनुसार विश्वमा हरेक वर्ष सुर्तीजन्य पदार्थ सेवनका कारण ८० लाख मानिसको मृत्यु हुने गरेको छ। तीमध्ये ७० लाखभन्दा बढीको मृत्यु प्रत्यक्ष सुर्तीजन्य पदार्थको प्रयोगका कारण हुने गरेको छ। धूमपान नगर्ने तर अन्य व्यक्तिले गरेको धूमपानबाट उत्पन्न धुवाँका कारण करिब १३ लाख जनाको मृत्यु हुने गरेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्यांकअनुसार नेपालमा बर्सेनि २७ हजार जनाको सुर्ती तथा चुरोट सेवनका कारण उत्पन्न हुने रोगबाट मृत्यु हुने गरेको छ। डब्ल्युएचओको सन् २०२२ को तथ्यांकअनुसार विश्वमा २२.३ प्रतिशत मानिसले सुर्तीजन्य पदार्थको प्रयोग गर्दछन्।

*(मिडिया एलाइन्स न्युज सर्भिस)*

■■■

**सुनील पौडेललाई...**

सञ्चालनमा नल्याइ प्रयोगविहीन अवस्थामा रहेबाट निजी प्रतिवादीको कारणले सरकारको माथि उल्लेखित रकम दुरूपयोग हुन गई हानी नोक्सानी पुगेको देखिन्छ।'यस प्रकरणमा हाल अर्थसचिव रहेका मधुकुमार मरासिनीसहितका आरोपीहरूले भने सफाइ पाएका छन्। अदालतबाट सफाइ पाउनेमा मरासिनीसँगै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव तथा राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन अध्यक्ष सञ्जय शर्मा, राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन कार्यकारी निर्देशक प्रणिता उपाध्याय, राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन निर्देशक तथा हाल उपनिर्देशक सफल श्रेष्ठ, तत्कालीन सहायक निर्देशक रमेश पोखरेल, तत्कालीन लेखा अधिकृतहरू निमबहादुर वली र लेखा अधिकृत रामबहादुर बुढासँगै कम्प्युटर इन्जिनियर रामशरण गायक छन्।

# त्रिवि पत्रकारिता विभागको प्रमुखमा पोखरेल

**काठमाडौं (प्रस)–** त्रिभुवन विश्वविद्यालयको पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागको प्रमुखमा प्रा. प्रवलराज पोखरेल नियुक्त भएका छन्। यसअघिका प्रमुख प्रा. चिरञ्जीवी खनालले दिएको राजीनामा स्वीकृत गरी विश्वविद्यालयका उपकुलपति प्रा.डा. केशरजंग बरालले पोखरेललाई यही वैशाख २३ गतेदेखि लागू हुनेगरी तीन महिनाका लागि विभागीय प्रमुखमा नियुक्त गरेको विश्वविद्यालयले जनाएको छ। सोह्र वर्षअघि पनि सोही विभागको प्रमुख भएका प्रा. पोखरेल लामो समयदेखि पत्रकारिता अध्यापनमा छन्।



विभागीय प्रमुखमा नियुक्त भएपछि प्रतिक्रिया दिँदै प्राध्यापक पोखरेलले राज्यको चौथो अंग मानिने पत्रकारिता क्षेत्रको प्रवर्द्धन, प्राज्ञिक उन्नयन र अध्ययन अनुसन्धानका साथै प्राविधिक तथा मानवीय स्रोत, साधनमा राज्यको लगानी वृद्धि हुनुपर्नेमा जोड दिए।

# रूसी सेनामा आबद्ध नेपालीलाई फिर्ता ल्याउने प्रधानमन्त्रीको प्रतिबद्धता

**काठमाडौं (प्रस)–** प्रधानमन्त्री पुष्पकमल दाहालले रुसी सेनामा आबद्ध नेपालीलाई स्वदेश फिर्ता ल्याउन आफूले उच्चस्तरमा कूटनीतिक पहल गर्ने बताएका छन्। प्रधानमन्त्रीनिवास बालुवाटारमा मंगलबार रुसी सेनामा आबद्ध नेपालीको जीवन रक्षार्थ अभियानका सदस्यहरूले गरेको भेटमा प्रधानमन्त्री दाहालले रुसी सेनामा कार्यरत नेपालीको उद्धारका लागि सरकारले उच्चस्तरको पहल गर्ने बताएका हुन्।

'तपाईंहरूको माग सम्बोधन गर्न प्रधानमन्त्री कार्यालय प्रतिबद्ध छ,' प्रधानमन्त्री दाहालले भने, 'सरकारले लगातार कूटनीतिक पहल गरिरहेको छ, कूटनीतिक नोटमार्फत पहल लिइएको छ।' नेपाली नागरिकको जीवन रक्षाका लागि सरकार निरन्तर लागिपरेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले रुसी सेनामा कार्यरत नेपालीहरूका परिवारको माग सम्बोधन गन आफू प्रतिबद्ध रहेको बताए।

'उच्चस्तरको कूटनीतिक पहल हुन्छ, म आफैंले थप पहल गर्छु,' प्रधानमन्त्री दाहालले भने। युद्ध मैदानमा रहेका नेपालीसँग आफूले फोनमा कुरा भएको उल्लेख गर्दै प्रधानमन्त्रीले उनीहरूको अवस्थाबारे कूटनीतिक च्यानलबाट निरन्तर छलफल भइरहेको जानकारी दिए।

रुसी सेनामा कार्यरत नेपालीका परिवारले युद्धमा रहेका नेपालीलाई स्वदेश फर्काउन माग गर्दै काठमाडौंमा धर्ना दिएका थिए। प्रधानमन्त्री दाहालका जनसम्पर्क विज्ञ बुद्धि जिसीले उनीहरूका माग सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गरेसँगै धर्ना स्थगित भएको थियो। सोही प्रतिबद्धताअनुसार मंगलबार प्रधानमन्त्री दाहालले ती परिवारका सदस्यलाई भेट गरी उच्चस्तरीय पहल गरेर युद्धमा रहेका नेपाली स्वदेश फिर्ता ल्याउने प्रतिबद्धता व्यक्त गरेका हुन्।

---

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

## कम्पनी दर्ता खारेजी गरिएको सूचना

यस कार्यालयमा मिति २०८०/०१ /२६ मा दर्ता भएको प्रा.लि. नं.३१२२८० को **शियर फोर्स इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०१/२४ गतेको निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा ३६(क) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

---

## काठ/दाउरा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०१/२६**

डि.व.का., पाल्पाको लिलाम सहमती अनुसार यस सा.व.उ.स.को स्वीकृत वन कार्ययोजना अनुसार ढलापडा रूखहरूबाट संकलन भएको साल, असना समेत गोलिया थान १७३ को १४३४.११ क्यू.फि. काठ र साल मिश्रित दाउरा १ चट्टा समूह बाहिर बिक्री गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ।

**टुडीखेल सा.व.उ.स., तिनाउ-२, पाल्पा**

---

## मालपोत कार्यालय सोलुखुम्बुबाट प्रकाशित हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

कोशी प्रदेश सोलुखुम्बु जिल्ला साविक तामाखानी गा.वि.स. वडा नं. १ भई परिवर्तित सोलुदुधकुण्ड नगरपालिका वडा नं. ३ बस्ने ग्याल्जेन शेर्पाको नाति नातिनिहरू दावा शेर्पा र माया शेर्पाको छोरा छोरीहरू (ना.नं. ११-०१-६८-००४८६ मिति २०६८/१२/२६ र ११-०१-७६-००१३२ मिति २०७६/१/२४ सोलुखुम्बु) को सोनाम शेर्पा र छीरीङ शेर्पाले हाम्रो बाबु दावा शेर्पाको मिति २०५९/१०/०८ मा मृत्यु भएको निजको एक मात्र पत्नी हाम्रो आमा माया शेर्पाको मिति २०६७/०३/५ मा मृत्यु भएको निजहरूको हामी २ जना छोराहरू र १ जना छोरीहरूको जन्म भएकोमा, कान्छा छोरा फुरी शेर्पाको मिति २०६४ सालबाटै बेपत्ता भएकोले बाबु आमाको मृत्युपछिको सबै भन्दा नजिकको हकदारमा हामी १ छोरा र १ छोरी मात्र भएकाले बाबुको र आमाको नाममा रहेको तपसिल बमोजिमका जग्गाहरू श्रेस्ता कायम नरहेकोले फिल्डबुकका आधारमा सक्कल जग्गाधनी प्रमाण पूर्जालाई श्रेस्ता कायम गरी हाम्रो नाममा नामसारी गरी पाउँ भनि निवेदन पेश गर्नु भएको हुँदा तपसिल बमोजिमका जग्गाहरु कोही कसैलाई लिखत गरी दिएको भए वा अरू कसैको हक दावी पुग्ने भए आफुसँग भएको सवुद प्रमाण सहित हकदावी गर्न आउनु होला। अन्यथा प्रचलित ऐन कानून बमोजिम भई जाने व्यहोरा समेत सम्बन्धित सबैको लागि यसै सूचनाबाट जानकारी गराइन्छ।

**तपसिल**

निवेदकले नामसारीका लागि माग दावि गरेका जग्गाको विवरण

| सि.नं. | जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल व.मि. |
|---|---|---|---|---|---|
| १. | सोलुखुम्बु | तामाखानी | १ | ३४०, ३४२, ३४४, २४७, २५० र ९५ | ७३०, ६४०, ३७२०, ६३५, ४७५ र ४२२० |

इति संवत् २०८१ साल वैशाख महिना २५ गते रोज ३ शुभम्......।

---

# नेपालगंज उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

नेपालगंज, बाँके
लुम्बिनी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८१/०१/२६

यस उप-महानगरपालिकाको तपशिल बमोजिमको ठेक्कामा पर्न आएका बोलपत्रहरू मध्ये न्यूनतम् मूल्यांकित सारभूत रूपमा प्रभावग्राही देखीएको तपशिल बमोजिमको बोलपत्रदाता छनौट भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सि.नं. | ठेक्का विवरण | छनौट भएको निर्माण व्यवसायी तथा फर्मको नाम र ठेगाना | स्वीकृत कबोल अंक (रु) |
|---|---|---|---|
| १. | RCC Drain And Gravelling Road Construction Work Nepalgunj -1 Banke (Contract ID: NSMC/NCB/W18/080-081) | श्री वाई एण्ड भि ईन्फ्रा एण्ड मल्टि प्रपोज प्रा.ली., नेपालगन्ज -२० बाँके | रू. ३८,३४,३२१।०० (भ्याट र पि.एस. बाहेक) |
| २. | Asphalt Road Maintainance Work, Ward no 09 (Contract ID: NSMC/SQ/W05/080-081) | श्री ओम बिल्डर्स बैजनाथ -५ बाँके | रू. १२,९०,२००।०१ (भ्याट र पि.एस. बाहेक) |

**प्रमूख प्रशासकीय अधिकृत**

---

### नाम परिवर्तन सम्बन्धि सूचना

मिति २०८१/०१/७ मा साविकको नाम नेको फुड्स प्रा.लि. परिवर्तन भई कोने फुड्स प्रा.लि. भएको जानकारी गराउँदछु।

### नाम परिवर्तन सम्बन्धि सूचना

मिति २०८१/०१/१८ मा साविकको नाम जुनी ईम्पेक्स प्रा.लि. परिवर्तन भई याक एन्ड नाक कलेक्सन्स प्रा.लि. भएको जानकारी गराउँदछु।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL HAL UNITED FOR GENERAL CONTRACTING EST

पूर्व स्वीकृति मिति २०८१/०१/२५ LT. No. 304424 चलानी नं. ६०२१९१३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bus Driver | 15 | 0 | 1800 | ६४,१३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Heavy Truck Driver | 5 | 0 | 1800 | ६४,१३३ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालयः काठमाडौंमा मितिः २०८१ जेठ २ गते (15th May 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Career International Services (P.) Ltd.
धुम्वाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३
Email : info@career-intl.com, Website : www.career-intl.com
License No.: 646/063/064

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ZOMAN MOHAMMED AL-HAJRI & PARTNERS CONTRACTING CO.

पूर्व स्वीकृति मिति २०७९/०८/२३ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२५ LT. No. 276739 चलानी नं. ६०१९२३२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labour | 1 | 0 | 1000 | ३५,६२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Heavy Equipment Driver | 1 | 0 | 2500 | ८९,०६० | | | | | | | |
| 3 | Heavy Truck Driver | 1 | 0 | 1800 | ६४,१२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २ गते (15th May 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

ROVE INTERNATIONAL PVT.LTD.
Tilganga-9, Sambhumarga, Near Airport, Kathmandu, Nepal
T: +977-01-4486922 | E:- rove35@yahoo.com I w:-www.roveintl.com
Govt.Lic. No- 1033/071/072

## UAE मा वैदेशिक रोजगारको अवसर

१. कम्पनी: PARAGON EMPLOYMENT SERVICES LLC — शहर: Dubai

पूर्व स्वीकृत मितिः २०८१/०१/२३ चलानी नं.: ६०२१९१२६ LT. No.: 304263

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labourer | 300 | 0 | स. काममा दक्ष | 800 | २९,००८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: POWER RECRUITMENT LLC — शहर: UAE

पूर्व स्वीकृत मितिः २०८०/१२/१८ चलानी नं.: ६०२१७७०१ LT. No.: 302860 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labourer | 103 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २९,००८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Mason | 125 | 0 | | 1200 | ४३,५१२ | | | | | | | |
| 3. | Shuttering Carpenter | 125 | 0 | | 1200 | ४३,५१२ | | | | | | | |
| 4. | Steel Fixer | 124 | 0 | | 1200 | ४३,५१२ | | | | | | | |

३. कम्पनी: KENZ HYPERMARKET L L C — शहर: UAE

पूर्व स्वीकृत मितिः २०८०/१२/२८ चलानी नं.: ६०२१८२०१ LT. No.: 303369 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner/Helper | 10 | 10 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,५१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Shop Assistant | 40 | 40 | | 1500 | ५४,३९० | | | | | | | |

४. कम्पनी: AL MABIA HOSPITALITY L.L.C. — शहर: UAE

पूर्व स्वीकृत मितिः २०८०/१२/०२ चलानी नं.: ६०२१६६१४ LT. No.: 301688 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 111 | 0 | स. काममा दक्ष | 800 | २९,००८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

५. कम्पनी: MMH SECURITY SERVICES — शहर: Dubai

पूर्व स्वीकृत मितिः २०८१/०१/०८ चलानी नं.: ६०२१८४०१ LT. No.: 303674 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 30 | 0 | स. काममा दक्ष | 1200 | ४३,५१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ जेठ २ गते (15 May 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | [illegible] |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

RAJ GROUP OF COMPANIES
License No.:1245/074/075
Raj Group Of Company Pvt. Ltd.
Basundhara-3, Kathmandu, Tel: 01-5903550, 5903660
Email: info@rajgroupnepal.com, Website:www.rajgroupnepal.com

# सुन तस्करीकाण्डमा प्रहरी र वकिललाई कारबाही सिफारिस

**काठमाडौं (प्रस)–** गृह मन्त्रालयले गठन गरेको छानबिन समितिले विद्युतीय चुरोट (भेप) र सवारीसाधनका ब्रेक-सुलगायतमा लुकाएर ल्याएको सुन तस्करीसम्बन्धी अनुसन्धानसँगै मुद्दाको अभियोजनमा संलग्न प्रहरी र सरकारी वकिलमाथि विभागीय कारबाही गर्न सिफारिस गरेको छ। समितिको सिफारिसअनुसार अब प्रहरी र वकिलमाथि सम्बन्धित कार्यालय र विभागमार्फत नै कारबाही हुनुपर्ने छ।

समितिले मंगलबार गृहमन्त्री रवि लामिछानेलाई प्रतिवेदन बुझाउँदै नेपाल प्रहरीका प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) किरण बज्राचार्य, प्रहरी उपरक्षिक (एसपी) सञ्जयसिंह थापा र प्रहरी नायव उपरीक्षक (डिएसपी)द्वय रुगम कुँवर र दुर्गा दाहाललाई प्रहरी प्रधान कार्यालयमार्फत नै विभागीय कारबाही गर्नुपर्ने सुझाव दिएको छ । अध्यागमन विभागका तत्कालीन महानिर्देशक (हाल सहसचिव) झलकराम अधिकारीलाई निजामती सेवा ऐनअन्तर्गत कारबाही सिफारिस भएको छ। जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंका तत्कालीन जिल्ला न्यायाधिवक्ता जनकप्रसाद घिमिरे र वासुदेव शर्मालाई महान्यायाधिवक्ता कार्यालयमार्फत कारबाहीको सिफारिस भएको हो। तर, उनीहरूलाई सेवाबाटै बर्खास्त गर्न भने सिफारिस नगरिएको स्रोतले जनाएको छ।

गृह मन्त्रालयका कानुन महाशाखा प्रमुख सहसचिव भरतमणि रिजालको संयोजकत्वमा गठित समितिमा प्रहरी प्रवक्ता भीमप्रसाद ढकाल र गृहकै उपसचिव रामबहादुर शाही सदस्य थिए । गृहमन्त्री लामिछानेले ११ चैतमा सुन तस्करी जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयन गर्न भन्दै समिति गठन गरेका थिए । समितिलाई कसलाई कुन किसिमको कारबाही गर्ने भन्ने प्रतिवेदन अध्ययनको कार्यादेश दिइएको थियो । सोहीअनुसार समितिको सिफारिस प्राप्त भएको गृह प्रवक्ता तथा सहसचिव नारायणप्रसाद भट्टराईले बताए ।

'सुन तस्करीबारे अनुसन्धान गर्न गठित आयोगले जजसलाई कारबाही गर्नु भनेको थियो, उनीहरूलाई कस्तो कारबाही गर्ने भन्ने सिफारिस गर्न समिति गठन गरेका थियौं । उक्त समितिको प्रतिवेदन प्राप्त भइसकेको छ र समितिले कारबाही गर्ने विषयमा सिफारिस गरेको छ,' उनले प्रभावसँग भने ।

१० पुस २०७९ मा दुबईबाट भेपमा लुकाएर चिनियाँ गिरोह दावाजिन वाङले करिब नौ किलो सुन ल्याएका थिए । उक्त सुन विमानस्थलबाटै नियन्त्रणमा लिइएको थियो तर पछि विमानस्थलका कर्मचारी र विचौलियाको सेटिङमा सुन चोरी भएको थियो । यही प्रकरणमा माओवादी उपाध्यक्षसमेत रहेका पूर्वसभामुख कृष्णबहादुर महरासमेत मुछिए । उनी केही महिनाअघि पक्राउसमेत परे । अन्ततः अदालतको आदेशअनुसार उनी रिहा भइसकेका छन् । छोरा राहुल भने पुर्पक्षका लागि कारागारमा छन् ।

यसपछि २०८० साउन पहिलो साता हङकङबाट चिनियाँ तस्करकै योजनामा ब्रेक-सुलगायतमा लुकाएर ल्याएको करिब ६१ किलो सुन भन्सार जाँचपासपछि राजस्व अनुसन्धान विभागले नियन्त्रणमा लिएको थियो । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)बाट यी दुवै काण्डको अनुसन्धान भएको थियो ।

तर, अस्वाभाविक रूपमा शक्तिकेन्द्रमा रहेका आरोपीलाई पक्राउ गरेर अनुसन्धानमा नल्याएपछि सिआइबीको भूमिकामाथि शंका गरिएको थियो। जसबारे सडकदेखि सदनसम्मै आवाज उठे । सिआइबी र तत्कालीन गृहमन्त्री नारायणकाजी श्रेष्ठकै आलोचना भयो । तत्कालीन प्रमुख विपक्षी दल नेकपा एमालेले यस प्रकरणलाई झन् उचाल्यो । परिणामतः दुवै सुन प्रकरणको अनुसन्धान गर्न जाँचबुझ आयोग गठन भयो । आयोगको अध्यक्ष पूर्वन्यायाधीश डिल्लीराज आचार्य थिए ।

उनी नेतृत्वको आयोगले मुद्दाको अभियोजनमा थुप्रै कमीकमजोरी र लापरबाही गरेको दाबीसहित संलग्नहरूविरुद्ध कारबाही गर्न सरकारलाई सिफारिस गरेको यिथो । कारबाही सिफारिसमा परेकाहरूलाई कस्तो कारबाही गर्ने भन्ने सरकार अलमलमा थियो । यसपछि ११ चैतमा गठित समितिले भने संलग्नहरूमाथि हुनुपर्ने कारबाहीबारे सोमबार सिफारिस गरेको गृह प्रवक्ता भट्टराईले बताए ।

# भवन अभावले पढाइ प्रभावित

**सिमकोट (हुम्ला)–** हुम्लाको सिमकोट गाउँपालिका-१ दोजामस्थित चाङला हिमाल आधारभूत विद्यालयलाई भवन अभाव भएको छ । भवन अभाव भएपछि बालबाविकासदेखि कक्षा ५ सम्मका विद्यार्थीलाई पढाउन समस्या भएको छ ।

विद्यालयका प्रधानाध्यापक राजु लामाले भने, 'विद्यालयमा एउटै साँघुरो कोठामा दुई फरक-फरक कक्षा सञ्चालन गर्नुपर्ने बाध्यता छ ।' कक्षा २ र ३ का विद्यार्थीलाई एउटै कोठामा राखेर पठनपाठन गरिँदै आएको बताए । विद्यार्थीले पढाइमा बाधा पुगेको गुनासो गर्ने गरेका उनको भनाइ छ । 'चार र पाँच कक्षाका विद्यार्थीलाई पनि एउटै कक्षामा राखेर पठनपाठन गर्नुपर्ने बाध्यता छ,' प्रधानाध्यापक लामाले भने ।

विद्यालयसँग छ कोठामात्रै छन् । एउटामा कार्यालय कक्ष, अर्कोमा बालविकास, एउटामा कक्षा १ का र अर्कोमा कक्षा २, ३ का र बाँकी रहेको एउटा कोठामा चार र पाँच कक्षाका विद्यार्थीलाई राखेर पठनपाठन गरिँदै आएको शिक्षक सञ्जय फडेराले बताए । 'एउटै कोठामा फरक-फरक कक्षाका विद्यार्थीलाई राखेर पठनपाठन गराउँदा उनीहरूलाई पढाएको कुरा बुझ्न समस्या हुने गरेको शिक्षक फडेराले बताए ।

विद्यालय भवन निर्माणका लागि स्थानीयवासीलाई सहयोगका लागि आग्रह गरिएको शिक्षक फडेरा बताउँछन् । कक्षा १ मा छात्रछात्रा गरी ३३, कक्षा दुईमा चार, कक्षा तीनमा आठ, कक्षा चारमा चार तथा पाँचमा तीन विद्यार्थी अध्ययनरत रहेका उनले जानकारी दिए । बालबिकास कक्षामा ७० विद्यार्थी छन् । विद्यालयका प्रधानध्यापकसहित चार स्थायी शिक्षक तथा दुई कार्यालय सहयोगी रहेका छन् । *रासस*


## Shree Saraswati Secondary School
Godawari-5, Geta, Kailali

**INVITATION FOR SEALED QUOTATION**

*Procurement of Supply and Delivery of ICT Equipments*

**Second Date Of Publication: - 2081-01-26 BS (15 Days)**

1 Saraswati Secondary School has allocated funds towards the cost of supply and deliver of goods mentioned below and intends to apply part of the funds to cover eligible payments under the contract as described in table below. Bidding is open to all eligible Nepalese bidders/suppliers.

| S N | Contract No | Description of Works | Estimated Amount | Bid Security Amount (NRs) | Bid Document Price (NRs) |
|---|---|---|---|---|---|
| 1 | SSS-NCB-GOODS-01-2080/081 | Procurements Supplying and fixing of ICT Equipments | 25,00,000 | 62,500 | 3,000 |

2 Eligible Bidders/suppliers may obtain further information at the office of Saraswati Secondary School (email:- saraswatischool046@gmail.com), Tel.091575272, Mobile: 9848769488 Geta, Kailali.
3 A complete set of Bidding Documents may be purchased from Saraswati Secondary School Geta, Kailali.
4 The bid will be opened in the presence of Bidders' representatives who choose to attend at 11:00 AM on 16'st day from the date of Invitation for Bid Notice Published at the office. If bidders wish to submit Bid Security in the form of cash, the cash should be deposited in
5 **Name of the Bank**: Rastriya Baniza Bank, **Name of Office**: SHREE SARASWATI MA BI **Office Account No**: 4170100000893001.



## युएइमा वैदेशिक रोजगारको अवसर

कम्पनी : UNITED INTERNATIONAL GROUP

पूर्व स्वीकृति मिति २०८१/०१/२५ | LT. No. 304387 | चलानी नं. ६०२१९१३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BUILDING LABOURER | 80 | 0 | 800 | २९,१०६ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | CONSTRUCTION CARPENTER ASSIST | 10 | 0 | 1000 | ३६,३८३ | | | | | | | |
| 3 | STEEL FIXER | 10 | 0 | 1200 | ४३,६५९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २ गते (15th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Jasmine Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं.८७४/०६६/०६७
Basundhara, Dhapasi Chauki, Kathmandu,Nepal, Tel : +977-1-4365056, 4387950, 4389279



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EAST INTERNATIONAL RESTAURANTS COMPANY

पूर्व स्वीकृति मिति : २०७९/१२/२७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२५ | LT. No.284461 | चलानी नं. ६०१९९८४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Asst Cook | 2 | 0 | 120 | ५१,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Barista | 2 | 1 | 120 | ५१,२२५ | | | | | | | |
| 3 | Hostess | 0 | 1 | 120 | ५१,२२५ | | | | | | | |
| 4 | Kitchen Helper | 1 | 0 | 90 | ३८,४२० | | | | | | | |
| 5 | Runner | 1 | 0 | 90 | ३८,४२० | | | | | | | |
| 6 | Waiter/waitress | 1 | 1 | 120 | ५१,२२५ | | | | | | | |

कम्पनी : ISHBILIA COMPANY FOR GENERAL CLEANING SERVICES AND INDUSTRIAL CLEANING

पूर्व स्वीकृति मिति २०८०/०४/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२५ | LT. No.290657 | चलानी नं. ६०२०५९३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 1 | 0 | 100 | ४२,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : DELIVERY COM ON THE TIME

पूर्व स्वीकृति मिति २०८०/०१/२० | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२५ | LT. No.285492 | चलानी नं. ६०२००९१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BIKE DRIVERS | 13 | 0 | 135 | ५७,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL-YASMINE DELIVRY COMPANY FOR DELIVERING CONSUMER ORDERS

पूर्व स्वीकृति मिति २०८०/०८/१९ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२५ | LT. No.295934 | चलानी नं. ६०२०५९३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 3 | 0 | 140 | ६०,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २ गते (15th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Saudi Nepal Recruitment Agency Pvt.Ltd.**
श्रम ईजाजत न .७९७/०६५/०६६
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal
Tel.+977-01-4720350, 4720849, 5908112
E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com



## सान्नी त्रिवेणीगाउँपालिका
### गाउँकार्यपालिकाको कार्यालय
मेहलमुडी, कालीकोट
कर्णाली प्रदेश, नेपाल

## शिलबन्दी कोटेशन स्वीकृत गर्ने आशयको सूचना

यस कार्यालयको चालु आ.व २०८०/०८१ तपसिलका योजनाहरुको शिलबन्दी दरभाउपत्र आव्हान गरिएकोले तपसिल अनुसारकाफर्महरुको शिलबन्दी दरभाउपत्र मुल्याङ्कित र सारभुत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) १ बमोजिम सबैको जानकारीका लागि शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गरिएको व्यहोरा जानकारी गराईन्छ ।

| क्र.स | ठेक्का नं. | योजनाको नाम | आशयपत्रदिएको फर्मको नाम ठेगाना | मु.अ.कर सहित कवोल गरेको अंक रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | STRM/G/SPGCTB/SQ/01/2080/081 | गैडाखोला चलेनी डाडाँ झोलुङ्गे पुल सान्नी त्रिवेणी गाउँपालिका वडा नम्बर २ रकु (Fabricated Steel Parts for Trail Bridge) | M/S Lumbini engineering Works Pvt. Ltd. Butwal | 1522293.56 | |
| २. | STRM/G/SPROTB/SQ/02/2080/081 | राकेओडार झोलुङ्गे पुल सान्नी त्रिवेणी गाउँपालिका वडा नं ४ मेहलमुडी (Fabricated Steel Parts for Trail Bridge). | M/S Lumbini engineering Works Pvt. Ltd. Butwal | 1175313.54 | |

प्रमुख प्रशासकीय अधिकृत



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HAIR SPRAY INSTITUTE AND HEALTH SALON COMPANY FOR WOMEN AND COSMETICS AND TOOLS

पूर्व स्वीकृति मिति : २०८०/१२/१० | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२५ | LT No. 302351 | चलानी नं.६०२१७१२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 5 | 100 | ४३,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hairdresser | 0 | 10 | 150 | ६५,२१० | | | | | | | |
| 3 | Manicure & Pedicure | 0 | 15 | 150 | ६५,२१० | | | | | | | |
| 4 | Receptionist | 0 | 5 | 150 | ६५,२१० | | | | | | | |
| 5 | Salon Worker | 0 | 31 | 150 | ६५,२१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २ गते (15th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SUPREME OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. ३०१/०५९/०६०
Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SONGS TRINITY SOLUTIONS SDN. BHD

पूर्व स्वीकृति मिति: २०७९/१२/१० | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२५ | LT No.282860 | चलानी नं.: ६०१९८८००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaning Service | 50 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २ गते (15th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**RED SUN EMPLOYMENT SERVICE PVT.LTD.(RED SUN SOLUTIONS PVT.LTD)**
Govt. License 1274/074/75
Chabahil-7, Chuchepati, Kathmandu, BAGMATI
Tel : +977-01-5210104, 9801097930
Email: inforedsun2017@gmail.com,
Web: www.redsunemployment.com.np



## गोङ्गबुँसिद्धि बचत तथा ऋण सहकारी संस्था लि. साँवा ब्याज चुक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरूरी सार्वजनिक सूचना

प्रकाशित मिति : २०८१/०१/२६ गते

यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणीहरूले आफ्नो व्यवसाय सञ्चालन गर्न लगेको कर्जाको यस सहकारीसँग गरेको सम्झौता बमोजिम समय-समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, हर्जना लगायत अन्य दस्तुर आदि नतिरी सहकारीसँग गरेको कर्जासम्बन्धी शर्त बन्देजहरू उल्लंघन गरेकोले सहकारीको सम्पूर्ण लेना रकम चुक्ता गर्न पटक पटक मौखिक तथा लिखित रूपमा तारताकेता गरेको र सो गर्दा समेत सहकारीको साँवा, व्याज, हर्जना चुक्ता गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेकोले निम्न ऋणीहरूको नाममा मिति २०८१/०१/२६ गतेका दिन प्रभाव दैनिक पत्रिकामा साँवा, व्याज, हर्जाना चुक्ता गर्न अत्यन्त जरूरी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र पनि कर्जा चुक्ता नगरेमा कर्जा सुरक्षणमा लेखिदिएको कुनै किसिमको कानुनी झै-झमेला नभएको, नियमावली तथा सहकारीको कर्जा नीति र नियम बमोजिम धितो लिलामको सूचना प्रकाशित गरीने भएकोले तोकिएको समयभित्र संस्थामा उपस्थित भै साँवा, व्याज, हर्जना चुक्ता गर्न हुन अनुरोध गरीन्छ। अन्यथा तपाईलाई सहकारी ऐन अनुसार कालो सुचीमा राखिने व्यहोरा र तपाईको अन्य सम्पत्ति रोक्का राखीने व्यहोरा समेत अवगत गराउँदछौं ।

| ऋणीको नाम, थर र ठेगाना तथा तीन पुस्ते विवरण | | धितो सुरक्षण विवरण |
|---|---|---|
| १. **कर्जाको शिर्षक** : व्यवसायिक कर्जा<br>**ऋणीको नाम**: सनी लामा<br>**बाबुको नाम**: विरमान लामा<br>**पतिको नाम**: सुर्यलाल लामा<br>**ससुराको नाम**: लक्ष्मण लामा<br>**ठेगाना**: शारदानगर-८, चितवन |  | १. काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३ स्थित सनी लामाको नाममा रहेको कित्ता नं. १०३ को क्षेत्रफल १० ९.३० व.मि भएको सम्पूर्ण जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत) |
| २. **कर्जाको शिर्षक**: व्यवसायिक कर्जा<br>**ऋणीको नाम**: श्याम शरण नगरकोटी<br>**बाबुको नाम**: बल बहादुर नगरकोटी<br>**बाजेको नाम**: चन्द्र बहादुर नगरकोटी<br>**ठेगाना**: इचंगुनारायण-८. काठमाडौं |  | २. काठमाडौं जिल्ला, ईचंगुनारायण, वडा नं. ८ स्थित श्याम शरण नगरकोटीको नाममा रहेको कित्ता नं. ९४ को क्षेत्रफल १२७.१६ व.मि भएको सम्पूर्ण जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत) |
| ३. **कर्जाको शिर्षक** : व्यवसायिक कर्जा<br>**ऋणीको नाम**: राम शरण नगरकोटी<br>**बाबुको नाम**: राज बहादुर नगरकोटी<br>**बाजेको नाम**: बल बहादुर नगरकोटी<br>**ठेगाना**: इचंगुनारायण-८. काठमाडौं |  | ३. काठमाडौं जिल्ला, ईचंगुनारायण, वडा नं.८ स्थित श्याम शरण नगरकोटीको नाममा रहेको कित्ता नं. ९० को क्षेत्रफल ९५.३७ व.मि भएको सम्पूर्ण जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत) |

**नोट: यस संस्थाबाट कर्जा लिएर समय-समयमा व्याज र किस्ता नबुझाएका ऋणी सदस्यहरू सबैलाई संस्थामा सम्पर्क गरी आफुले बुझाउनु पर्ने साँवा व्याज नियमित गर्न हुन अनुरोध गरिन्छ । अन्यथा यसैगरी पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरी आवश्यक कानूनी कारवाही अगाडि बढाइने छ ।**

**गोङ्गबुँसिद्धि बचत तथा ऋण सहकारी संस्था लि.**
टोखा न.पा. वडा नं.९, गोङ्गबुँ, सिद्धिटोल
फोन नं.: ०१४९५५९५७, ९८५१३३७८५७

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# विज्ञप्तिमा भ्कारा टार्दै श्रम मन्त्रालय

देशमा दिनानुदिन बेरोजगार बढ्दै गएको तथ्य खोज्न अन्त कतै जानुपर्दैन । प्रहरी चौकीमा आफू ठगिएको भन्दै निवेदन दिन पुगेका युवाहरूको संख्या हेरे पुग्छ । उनीहरूको अनुहारमा दौडिएका निराशा हेर पुग्छ । देश कतिखेर छाडौं भनेर हतारिएका ताँती त्यही पनि देखिन्छन् । युरोप, अमेरिका पठाइदिन्छु भन्दै यस्तै हतारिएका युवाहरूलाई पासो थाप्नेहरूको कमी छैन । राम्रो कमाइको खोजीमा रहेका युवाहरू यस्तै पासो थाप्नेहरूको ट्र्यापमा पर्छन् । आफू ठगिएको थाहा पाएपछि बल्ल होसमा आउँछन् र प्रहरीकहाँ पुग्छन् । सरकारको अनदेखाका कारण ठगिएकाहरू आफैलाई दोष दिँदै पश्चताप गरिरहेका भेटिन्छन् ।

अहिले प्रहरीलाई यस्तै ठगीका केस सुल्झाउन भ्याइनभ्याइ छ । वैदेशिक रोजगारीमा पठाइदिने भन्दै लाखौं उठाउनेहरूलाई पक्रन प्रहरीको टोली नै खट्नुपरेको छ । ऋण काढेर ल्याएका धन ठगीको फन्दामा पर्नु निकै दुःखदायी घटना हो । यस्ता घटना बढेपछि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीको नाममा ठगी बढ्दै गइरहेको भन्दै सचेत रहन आग्रह गरेको छ । युरोप, अमेरिका, जापान, कोरिया, इजरायललगायतका मुलुकमा रोजगारीका लागि पठाउने भन्दै भइरहेको ठगीप्रति गम्भीर ध्यानाकर्षण भएको सोमबार मन्त्रालयले जनाएको हो ।

श्रम मन्त्रालय जुन देशमा व्यवस्थित रोजगार सिर्जना गर्नुपर्ने जिम्मेवार मन्त्रालय हो । तर, देशमा अवसर नदेखिएपछि श्रम स्वीकृति दिँदै युवालाई विदेश लखेट्ने मन्त्रालयका रूपमा परिचित छ यो मन्त्रालय । यस्ता ठगीमा मन्त्रालय आफैं अघि बढेर कडा कारबाही गर्नुपर्ने हो । तर, मन्त्रालय एउटा विज्ञप्ति जारी गर्छ, वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित, पारदर्शी र व्यवस्थित गराउन आवश्यक नीतिगत, कानुनी एवं संस्थागत प्रबन्ध गर्ने भन्छ । अनि चुप लागेर बस्छ ।

सरकारले व्यवस्थित र दर्ता गरेका संस्थाहरूमाथिमात्र कारबाहीको दण्ड वर्षाउने चेतावनी दिन्छ । नियमनमा खासै ध्यान दिँदैन । नेपाली युवालाई श्रम स्वीकृति दिनेबाहेक श्रम मन्त्रालय आफैं काम नपाएर बेरोजगार छ । सरकारीस्तरबाट आएका मागहरूमा सरकारले आफ्नै निकटहरूलाई पठाउँछ भने कतिपय रोकेर राख्छ । जसका कारण युवाहरू उचित र सुरक्षित रोजगारीमा पुग्न पाउँदैनन् । यसकारण पनि जोखिमै मोलेर दलालमार्फत युरोप, अमेरिका जाने बाटो खोज्छन् । यही क्रममा उनीहरू ठगिन्छन् । ठगिएका युवालाई रोजगारीको बाटो देखाउने र ठगिएको रकम फिर्ता गराउने तदारुकता श्रम मन्त्रालयले देखाउनैपर्छ । यस्तो विषयमा जिम्मेवार बन्नैपर्छ । विज्ञप्ति जारी गरी पन्छिन मिल्दैन ।

# गर्मीयाममा पिउनुपर्ने पेयपदार्थ



▸▸ डा. अरूणा उप्रेती

> बजारमा जतातत्तै पाइने चिसो पेय अहिले नेपालका त्यस्ता दुर्गम स्थानहरूमा पनि पुगेका छन्, जहाँ दूधका पाकेट र औषधिहरू पनि पुग्न सकेका छैनन् । यी वस्तुहरूको तडकभडकयुक्त प्रचारप्रसार र पहुँचका कारण दुर्गम ग्रामीण क्षेत्रका मानिसले पनि अहिले यी वस्तुहरूलाई फेसन र आधुनिकताको प्रतीकका रूपमा स्वीकार गरिरहेका छन् । अधिकांश उपभोक्तालाई ती चिसो झोलमा भएका तत्वहरू र तिनीहरूले शरीरलाई पार्ने हानिबारे कुनै जानकारी नै भएको हुँदैन ।

गर्मीयाम सुरु भएसँगै तिर्खा मेट्नका लागि विभिन्न चिसो पेयपदार्थ (कोल्डड्रिंक्स)को खपत बढ्ने गर्दछ । अहिले धेरै मानिसहरू स्वस्थकर तथा पोषिला स्थानीय पेयपदार्थको सट्टा बजारिया पेयपदार्थको स्वादमा लट्ठ पारिरहेका छन् । मानिसहरूले दूध, दहीजस्ता पोषिला पेयपदार्थ बेचेर विभिन्न ब्राण्डका पेयपदार्थ सेवन गरिरहेको देखिन्छ । चिसो पेयपदार्थहरू अहिले गाउँघरमा छ्यापछ्याप्ती छन् । यस्ता वस्तुहरू अहिले शान, मान र सगुन सामग्री नै बनिसकेको देखिन्छ । यी पेयपदार्थहरूले मोही, सर्वतजस्ता नेपाली शैलीका कैयौं पेयपदार्थलाई विस्थापन गर्दै लगिरहेका पनि छन् ।

अति गुलिया र रसायन मिसिएका यी पदार्थका कारण भविष्यमा उपभोक्ताहरूको दाँत, पेट, हाडजोर्नीलगायत शरीरका अन्य अंगमा रोगहरूले घर बनाउँछ । यी पेयहरूले मोटोपनको समस्या निम्त्याउँछ । जतिजति यी पेयहरूको उपभोग बढ्दै जान्छ, त्यति नै तिनीहरूको सेवनबाट हुने स्वास्थ्य समस्याहरू पनि थपिदै गएको छ तर उपभोक्ताहरू के कारणले आफूलाई स्वास्थ्य समस्या भइरहेको छ भन्ने कुरा खुट्याउन सकिरहेका हुँदैनन् ।

रेडियो, टेलिभिजन र ठाउँठाउँमा राखिएका विज्ञापन बोर्डहरूमा गरिएका भ्रम पार्ने विज्ञापनहरूका कारण उनीहरू त्यस्ता पेयले आफूलाई राम्रै गरिरहेको होला भन्ने विश्वास हुन्छन् । यसरी पिउँदापिउँदै कतिपयलाई त नसालु पदार्थ जस्तै लत नै लागिसकेको हुन्छ । प्रसिद्ध खेलाडीले आफ्नो सफलतापछि विभिन्न ब्राण्डका पेयपदार्थ घ्वाटघ्वाट पिएर आनन्द लिएको देखाउने टेलिभिजनको आकर्षक विज्ञापनले युवायुवतीलाई हरेक खुसीमा यसै गर्न प्रेरित गरिरहेको हुन्छ । अर्धनग्न नर्तकीले डान्स बार वा डिस्को थेकमा पसिना पुछ्दै बोतलबाट हल्का पेय पिइरहेको देखेपछि यो पिउनैपर्ने पेयपदार्थ रहेछ भन्ने युवा मस्तिष्कमा छाप बस्छ । वास्तवमा उपभोक्तालाई आकर्षित गर्ने यस्ता चिसो पेयको विज्ञापनले धेरैलाई झुक्याइरहेको छ ।

बजारमा जतातत्तै पाइने चिसो पेय अहिले नेपालका त्यस्ता दुर्गम स्थानहरूमा पनि पुगेका छन्, जहाँ दूधका पाकेट र औषधिहरू पनि पुग्न सकेका छैनन् । यी वस्तुहरूको तडकभडकयुक्त प्रचारप्रसार र पहुँचका कारण दुर्गम ग्रामीण क्षेत्रका मानिसले पनि अहिले यी वस्तुहरूलाई फेसन र आधुनिकताको प्रतीकका रूपमा स्वीकार गरिरहेका छन् । अधिकांश उपभोक्तालाई ती चिसो झोलमा भएका तत्त्वहरू र तिनीहरूले शरीरलाई पार्ने हानिबारे कुनै जानकारी नै भएको हुँदैन । वास्तवमा यी पेयपदार्थहरू रङ, बास्ना, गुलियो अमिलो स्वाद घोलेर फिँज उठ्ने बनाइ आकर्षक बोतलमा बन्द गरिएका चिसो पेय हुन्, जुन धेरै महँगा र हानिकारक हुन्छन् ।

यस्ता चिसो पेयमा चिनीको मात्र अति नै बढी हुन्छ । भविष्यमा विभिन्न स्वास्थ्य समस्याका कारण पनि बन्न सक्छन् । ती तत्त्वहरूले मानिसको हाड कमजोर हुने, शरीर मोटो पार्ने, दाँत खियाउने र क्यान्सरजस्ता रोगहरू लगाउन सक्छन् । अमेरिकन डायबिटिक एसोसिएसन र अमेरिकन हार्ट एसोसिएसनले चिनी भएको सोडाको हाल भइरहेको उपभोग घटाउन आग्रह गरेका छन् । अमेरिकन डायबिटिज एसोसिएसनले डायबिटिजको सन्दर्भमा सबैभन्दा महत्त्वपूर्ण कुरा खाना नै हो । साथै, शरीरको तौल बढाउन र रगतमा ग्लुकोजको मात्रा बढाउनका लागि पेयपदार्थको भूमिका उत्तिकै हुन्छ । सो एसोसिएसनले यदि डायबिटिज भइसकेको छ वा हुने जोखिम छ भने पिउनका लागि पानी, विनाचिनीको चिया, कफी वा अरू कुनै कम क्यालोरी भएको पेयपदार्थ वा कागती पानीमात्र पिउन सुझाव दिएको छ ।

## कोल्डड्रिङ्क्समा हुने हानिकारक तत्त्वहरू

चिसो पेयपदार्थहरूमा स्वास्थ्यलाई हानि गर्ने विभिन्न तत्त्वहरू पाइएका छन् । यी पेयहरूमा एकक्षणका लागिमात्र स्फूर्ति दिने र लत बसाउने तत्त्वहरू पनि हुन्छन् । ती तत्त्वहरूले हाम्रो स्वास्थ्यमा दीर्घकालीन रूपमा विभिन्न असरहरू पार्छन् । केटाकेटीहरूलाई यस्तो पेयपदार्थ दिँदा यी झोलहरूमा हुने चिनीले मोटो बनाउँछ । चिसो झोलमा फोस्फोरिक अम्ल धेरै मात्रामा हुन्छ र यस अम्लले केटाकेटीको हाडलाई कमजोर पार्छ ।

चिसो पेयपदार्थमा पाइने क्याफिन केन्द्रीय स्नायु प्रणालीलाई उत्तेजित गराउने र लत लगाउने तत्त्व हो । यसले कृत्रिम रूपमा शरीरलाई उत्तेजित गराउँछ र हृदयगति बढाउँछ । यस्तो उत्तेजित अवस्थामा स्मरणशक्ति बढेको, स्फूर्ति बढेको, र थकाई मेटिएको अनुभव हुन्छ । तर यस्तो अवस्था क्षणिक हुन्छ । यतिमात्र होइन, चिसो पेयपदार्थमा हुने क्याफिन र चिनी दुवैले क्याल्सियम नष्ट गर्ने र हाड खियाउने गर्दछन् ।

चिसो पेयहरूलाई ताजा राख्न र स्वादिलो बनाउन साइटिक एसिड, फोस्फरिक एसिड र कहिलेकाहीँ म्यालिक र टारटारिक अम्लहरू राख्ने गरिन्छ । यी अम्लहरूले झोललाई सड्नबाट रोक्दछन् र मिठासलाई सन्तुलनमा राख्न मद्दत गर्छ । अम्लहरूको कारणले नै चिसो पेय पिउँदा तिर्खा मेटिएको महसुस हुन्छ । चिसो पेय पिउँदा माथि तैरिएका फोका तथा फिँजले नै आनन्द दिन्छ । यी फोका र फिँज फोस्फोरिक अम्ल र कार्वन डाइअक्साइडबीचको प्रतिक्रिया भएर बन्दछन् । यी तत्त्वहरूका कारणले पेट पोल्ने र घाउ हुने गर्दछ । फोस्फोरिक अम्ललाई क्रोम धातुको खिया र मोटरको ब्याट्री सफा गर्न प्रयोग गरिन्छ । यो कुराले नै यो अम्ल निकै पोल्ने खालको छ भन्ने स्पष्ट गर्दछ । धातुको खिया पखाल्ने अम्लले हाम्रो शरीरको मासुलाई सजिलै पोल्न सक्दछ ।

## कोल्डड्रिङ्क्सको सट्टा कागती पानी

गर्मीयाममा तिर्खा मेट्नका लागि बजारिया चिसो पेयपदार्थ नै सेवन गर्नुपर्छ भन्ने छैन, वर्षैभरि पाइने कागती गर्मीमा वा जाडो जुनसुकै बेलामा, तातो वा चिसो जे पदार्थमा मिलाएर खान सकिन्छ । स्वाद र स्वास्थ दृष्टिकोणले पनि यो अति राम्रो तत्त्व हो । म व्यक्तिगत रूपमा कागतीलाई 'औषधिको डल्लो' भन्छु । बिहान उठ्नेबित्तिकै चिनी नहालेको कागती चिया खान्छु । दालमा मिलाएर खान्छु । यसैले मैले कहिले पनि भिटामिन 'सी' को गोली त खानै परेको छैन । कागतीमा पाइने एउटा महत्त्वपूर्ण तत्त्व हो भिटामिन 'सी' । भिटामिन 'सी'को महत्त्वको बारेमा अहिले त धेरै जनाले थाहा पाइसकेका छन् । विज्ञानले पुष्टि गरेको छ कि भिटामिन 'सी'ले रोगसँग लड् नसक्ने प्रतिरोधात्मक शक्ति प्रदान गर्छ ।

हाम्रो भान्सामा खाइने अचार पनि भिटामिन 'सी'ले युक्त हुन्छ । गर्मी सुरु हुने बेलामा अक्षय तृतीयामा साह्रै कागतीको सर्वत र जौको सातु खान दिने हाम्रा पुर्खाहरूले चलाएका चलन पनि कागतीको महत्त्व बुझेर नै होला । गर्मीको बेलामा कागतीसँग सातु पिउँदा पेट भरिन्छ र गर्मीको बेलामा हुने विभिन्न पेटको गडबडीबाट बच्न सकिन्छ । गर्मीमा शरीरलाई चाहिने ऊर्जा पनि पर्याप्त हुन्छ । सातु र कागती सर्वत पिउने प्रचलन हराउँदै गएर आजकाल त अक्षय तृतीयको दिनदेखि जन्म दिनमा पनि प्याकेटका फलफूलको महँगो तर स्वास्थ्यलाई हानि गर्ने फलफूलको नक्कली रस, चिसो पेयपदार्थहरू खाइन्छ । यसले नेपाली संस्कृतिलाई नष्ट गर्छ, स्वास्थ्य नष्ट गर्छ, पैसा नष्ट गर्छ । यस्तो चलन कम गर्न नक्कली रसको सट्टा कागतीको रस प्रयोग गर्न सकिन्छ ।

कति स्वास्थको बारेमा जाने बुझेका व्यक्तिले नै बट्टाको जुस खान्छन्, कागती सर्वत पिउँदैनन् । नेपालको प्रायः सबै ठाँउमा कागती फल्छ । विभिन्न प्रकारको कागतीको स्वाद भिन्दै भए पनि पौष्टिकता भने सबैमा हुन्छ । कागतीको महत्त्व कति छ भन्ने कुरा आयुर्वेद किताबमा लेखिएको छ, 'कागती र अदुवा दिनदिनै खाने व्यक्तिको घरमा रोगले प्रवेश पाउँदैन' ।

नेपालमा महिलाहरूलाई रगतको कमी भयो भनेर अनेक औषधि दिइन्छ । तर कागतीमा रहेको भिटामिन 'सी'ले भोजनमा रहेको लौह तत्त्वलाई शोषण गर्नमा मद्दत गर्छ भन्ने कुरा प्रचार भएको छैन । कतिपय स्वास्थ्यकर्मीहरूले रक्तअल्पता भएका महिलालाई भिटामिन 'सी'को चक्की दिन्छन् र खानासँग खानु भन्छन् । सायदै कुनै स्वास्थकर्मीले कागतीको रस भोजनसँग मिसाएर खानु भन्ने गर्छन् । 'कागतीको रस मिसाएर' भोजन खाउभन्दा औषधि कम्पनीहरूको फाइदा हुँदैन र त्यसैले यस्तो जानकारीलाई बढावा दिने चलन छैन । तर मासको वा कुनै दालसँग कागतीको रस वा गोलभेडाको अचार खाँदा दालमा रहेको लौहतत्त्व राम्रोसँग सोसिन्छ । फलामको भाँडोमा पकाएको कुनै पनि दाल, तरकारीमा कागतीको रस मिसाएर खाँदा गर्भवती महिलालाई रगतको कमीबाट रोक्न प्रोटिन प्राप्त हुन्छ ।

साइट्रिक एसिड विभिन्न फलफूलमा पाइन्छ भन्ने जानकारी वैज्ञानिकहरूले १७औं शताब्दीमा पत्ता लगाएका हुन् । शरीरको अतिरिक्त क्रियाकलापहरूलाई सञ्चालन गर्न यो एसिडको महत्त्व छ र कागतीमा यो सहजै पाइन्छ । आजकल कागतीको रस हालेर चिया, सर्वत खान वा पाहुनालाई सत्कार गर्ने चलन बढेको छ । गर्मीको बेलामा पनि स्वास्थ्यकर कागतीको सर्वत हामी दिन हिच्किचाउनु पर्दैन । बालबालिकालाई पनि बट्टाको 'जुस' होइन कागतीको सर्वत दिनुपर्छ ।

यतिमात्र होइन, कागतीको रसको प्रयोगले दाँतको गिजाबाट रगत बग्ने समस्यालाई कम गर्न पनि मद्दत गर्छ । त्यसैले गर्भवतीलाई कागती खाने सल्लाह दिने चलन गाउँघरमा अझै पनि छ । रुघाखोकी लाग्दा कागती पानी र मह खानुपर्छ भनेर धेरैले थाहा पाएका छन् । कागतीलाई दैनिक भोजनको नै प्रयोग गरियो भने रोग प्रतिरोधात्मक शक्ति बलियो हुन्छ र हरेक चोटी मौसम बदलिँदा रुघाखोकी लाग्न कम हुन्छ भन्ने पनि थाहा पाउनुपर्छ । गाउँघरमा गर्भवती महिलालाई वाकवाक लाग्दा कागती र नून खानु भनेर सल्लाह दिइन्छ र यसले वास्तवमा नै वाकवाक कम गर्छ ।

कागतीको प्रयोगले कब्जियतबाट पनि बचाउँछ । जाडोको बेलामा कागतीको रस मनतातो पानीमा हालेर खान दिने चलन पुर्खाहरूले थालनी पहिलादेखि नै ल्याएका हुन् । मुख गन्हाउने व्यक्तिको यदि दन्तसम्बन्धी अन्य रोग छैनन् भने कागतीको रस र तातो पानीले फाइदा गर्छ । कागती पानीको कुल्लापछि पुनः पानीले एकचोटी कुल्ला गर्नुपर्छ, ताकी कागतीको अमिलोले दाँतमा असर नपरोस् । नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठानबाट गरिएको अनुसन्धानमा 'कागतीको रसले हैजाको किटाणु वृद्धि हुन रोक्छ' भनेर पुष्टि भएको छ तर यो अनुसन्धानको व्यावहारिक प्रयोग हुन सकेको छैन ।

कागतीको रसको मात्र नभएर बोक्राको उपयोगिताबारे पनि कमैलाई मात्र थाहा हुनसक्छ । केही अनुसन्धानले कागतीको बोक्राको नियमित प्रयोगले कब्जियतको समस्या समाधान गर्छ भनेर देखाएको छ । कागती धोएर काटेर रस निकालेपछि बोक्रालाई सानोसानो टुक्रा पारेर सलादमा हालेर खान सकिन्छ । यदि तीतो स्वाद मन पर्दैन भने कागतीको बोक्रालाई राखेर सिसीमा नून हालेर केही दिन घाममा राखेपछि त्यो बोक्रा अचारमा बदलिन्छ ।

कागतीसँगै गर्मीमा प्रयोग गर्नुपर्ने बाबरी वा पुदिना पनि हो । बाबरी (मधेसतिर पुदिना पनि भन्छन्) को अचार बनाएर खाने चलन त पहिलेदेखि नै हो । गर्मीको बेलामा त यो पानीमा हालेर खाए हुन्छ । जुन तरिकाले खाए पनि स्वास्थ्य र स्वस्थ दुवै दिन्छ । बिरेनून र कागती हाली पिसेर बनाइएका पुदिनाले खाना रुचाउनुका साथै पाचन प्रक्रियामा पनि सहयोग गर्दछ । पानीमा बाबरी र कागतीको टुक्रा भिजाएर राख्ने र त्यो पानी पिउनाले धेरै नै लाभ पुग्दछ । *रासस*

*(लेखक जनस्वास्थ्यविद् हुन्)*

## मनन्योग्य

### विदुर नीति

राजा तन्द । तिमीलाई यो पनि थाहा छैन, मगध एउटा दन्दनाएको ज्वालामुखी भइरहेछ । कहिले ज्वालामुखी फुट्छ । जुन राजाका हात युद्धमा शत्रुको शिर काट्नमा प्रयोग हुन्छ त्यही हात नर्तकी, वेश्या, कामिनीका साथ मोजमस्तीमा लागिरहन्छन् । हेर नन्द । राजाको शरीर प्रजामा अर्पण हुन्छ, तर म देख्दैछु राजा सुरा सुन्दरीमा समर्पित छ । जुन राजालाई बाहिरी देशको ज्ञान छैन त्यो ज्ञान चाकडी र चाप्लुसीवादले निकम्मा बनाएको छ । त्यस्ता राजाले आफ्नो राज्यमा के भएको चाल पाउदैन ।

छिमेकी राज्यसहित विदेशीको गिद्धेदृष्टि मगधमा छ, तर राजालाई भोगविलासले त्यो जान्ने फुर्सद कहाँ छ ? सभामा बसेका सबैले थी ब्राह्मणलाई आश्चर्यचकित भई हेरिरहे । यस्तो कुरा राजा, नन्द र महामात्य राक्षसका सामुमा अगाडि भन्न सक्ने दुःसाहस सपनामा पनि उनीहरू गर्न सक्दैनथे ।

नन्दका कान सन्दरीका मीठो स्वर दरवारिया चापलुसी चाटुकारिता सुन्नमा व्यस्त हुन्थे, तर चाणक्यका सिसाजस्तो गड्ने कुरा सुनी रिसले तमतमाउँदै पूरै कडकर राजा नन्दले भने- 'यो मूर्ख बाह्मणलाई यहाँ कसले ल्यायो ? यसको यो दरबारमा प्रवेश गर्ने साहस कसरी भयो ?'

कुरा यसरी बिग्रिएको देखी अमात्य शकटार खडा धभई भन्न लागे 'महाराज, क्षमा चाहन्छु, मैले त तक्षशिलाका मार्तण्ड विद्वान् व्यक्तित्वलाई दरबारमा ल्याएको हूँ, यी विष्णगप्त हुन् । जसका बुद्धिको चर्चा देश-विदेशमा टाढा-टाढासम्म छ । जसको अर्थशास्त्र विश्वप्रसिद्ध छ र अन्य विषयमा पनि त्यस्तै राजनीतिक प्रकाण्ड विद्वान् । राजा नन्दले चाणक्यपछि फर्केर उपहास गर्दै भने यो शक्तिहीनजस्तो कुरूप व्यक्ति पनि प्रकाण्ड विद्वान मार्तण्ड विद्वान किन ?

राजाले चाणक्यलाई व्यङ्ग्य गरेको देखी सबै दरबारियाले पनि व्यग्य गर्न थाले । सुनिएको थियो- 'ब्राह्मणका रिस डरलाग्दो हुन्छ तर आज साक्षात् देख्ने मौका पायौं' चाणक्यको रिस सीमाबाहिर भयो। उनको शरीर रिसरूपी आगोले काम्न थाल्यो । कमण्डलुबाट जल लिएर हातमा राख्दै टुक्रिएर भने' राजा नन्द ।

## पत्र-मञ्जुषा

# पाइलापाइलामा ठगी, कहाँ छ सरकार ?

अहिले हरेक नेपाली नागरिकको हातहातमा मोबाइल देखिन्छ । मुलुकमा सञ्चार क्षेत्रको पनि विकास भएको छ । विश्व वा आफ्नो देशमा भइरहेको घटनाबारे देश वा गाउँको एउटा कुनामा बसेर पनि थाहा पाउन सकिन्छ । नेपालमा ७७ वटा जिल्ला छ । तीमध्ये अधिकांश जिल्लामा बाटो, बत्ती, सडक, विद्यालय, स्वास्थ्य चौकी, प्रहरी चौकीलगायत मानवीय आधारभूत आवश्यकहरू पुगिसकेको छ ।

जनतामा पनि सचेतना बढ्दै गएको छ । साक्षरता दर बढेको छ । सात दशकअघि काठमाडौं उपत्यकाबाहेकका अधिकांश जिल्लामा विद्यालय थिएन । त्यतिबेला छोराछोरी पढाउनुपर्छ भन्ने सचेतनाको विकास नै भएको थिएन । छोरा होस् या छोरी १०-१५ वर्ष हुनेबित्तिकै विवाह गरिदिन्थ्यो । तर, अहिले यसको अन्त्य हुँदै गएको छ । मानिसमा छोराछोरी पढाउनुपर्छ भन्ने चेतनाको विकास हुँदै गएको छ ।

सरकार, राज्यका विभिन्न निकाय, सरोकारवाला निकाय वा सञ्चारमाध्यमहरू आम सर्वसाधारणलाई आफ्नो सन्ततिलाई अनिवार्य रूपमा विद्यालय पठाउन वा पढाउन र ठगीबाट जोगिन वा जोगाउन सचेत गराउँदै आइरहेका छन् । पछिल्लो समय हरेक क्षेत्रमा ठगहरूको बिगबिगी छ । व्यापार व्यवसाय गर्ने नाममा वा सेवा दिने बहानामा ठगी गर्ने क्रम बढ्दो छ । बैंक, सहकारी, लघुवित्त, फाइनान्सले करोडौं जनतालाई ठगेका छन् । उनीहरूलाई सुकुम्बासी अवस्थामा पुऱ्याएका छन् ।

यता, निजी अस्पताल तथा निजी विद्यालयहरूले पनि त्यसरी नै ठगिरहेका छन् । घरधनीहरू कोठा, सटर र फ्ल्याट मनलाग्दी मूल्यमा भाडामा लगाएर ठगिरहेका छन् । बिगमार्ट, भाटभटेनी सुपरमार्केटलगायतले पनि गुणस्तरहीन, कुहिएको, बिग्रिएको, म्याद सकिएको वा कमसल सामान महँगोमा बेचेर सर्वसाधारण ठगिरहेका छन् । कन्सलटेन्सी, म्यानपावर व्यवसायीहरूले विदेशी पठाइदिने नाममा जनता लुटिरहेका छन् ।

कानुन व्यवसायी, लेखनदासहरूले पनि त्यसरी नै ठगीरहेका छन् । बजारमा नूनदेखि सुन व्यापारीसम्मले जनता लुटेका छन्, ठगेका छन् । बैंकले सय रूपैयाँ कित्तामा निष्काशन गरेको सेयर चार हजारमा बेचेर दलालीहरूले सर्वसाधारणलाई दिउँसै रात पारेर लुटेका छन् । छिमेकी मुलुकहरूमा एक लाख नपर्ने सवारीसाधन यहाँ ल्याएर २० देखि २५ लााखमा बेचिएको छ । आनाको पाँच हजार नपर्ने खेतीयोग्य जमिन प्लानिङ गरेर दलालीहरूले लाखौंमा बेचेका छन् ।

सय रूपैयाँको सामान व्यापारीहरूले हजार रूपैयाँमा बेचिरहेका छन् । पार्टी प्यालेन्सहरूले पनि लुट्नु लुटेका छन् । एउटा अँध्यारो, सानो कोठाको घरधनीहरू मासिक १० हजारदेखि २० हजार असुल्छन् । एउटा सटरको ५० हजारदेखि १८ लाख र एक फ्लयाटको ३० हजारदेखि दुई लाखसम्म लिन्छन्, घरधनीहरू । झन् खाली सटर त २० लाखदेखि ६० लाखसम्ममा बिनबेच हुने गरेको छ ।

यातायात व्यवसायीहरू नयाँ गाडी हाल्ने धनीसँग दुई लाखदेखि १५ लाख असुल्छन् । दैनिक सर्वसाधारणबट १८ करोड ठग्छन् । यातायात क्षेत्रमा लामो समयदेखि सिण्डिकेट छ । सरकारले सिण्डिकेट हटेको दाबी गरे पनि त्यो केवल कागजमै सीमित हुन पुगेको छ । व्यवहारमा अहिले पनि सिण्डिकेट कायमै छ ।

वैदेशिक रोजगारीका लागि विभिन्न मुलुक पठाइदिने प्रलोभनमा मानव बेचविखन पनि बढ्दो छ । धर्म वा माताको नाममा पनि ठगी गर्ने क्रम बढ्दो छ । समाजसेवा गर्ने भन्दै सीमित व्यक्तिले जनता ठगिरहेका छन् । तर, उनीहरू कारबाहीको दायरामा ल्याउन सकेका छैनन् । जनता शिक्षित भएको भए यस्ता ठगहरूले कसरी सर्वसाधारण ठगिरहेका छन् ? ठगहरू महलजस्तो घरमा मोजमस्ती गरेर बसिरहेका छन् । पीडितहरूको सडकमा बास भएको छ । अनि सरकार कहाँ छ ?

**– रुषा थापा, भक्तपुर**

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# 'लू' ले बाँकेको जनजीवन कष्टकर



**खजुरा (बाँके)**– अत्यधिक गर्मी र तातो हावा 'लू'का कारण बाँकेको जनजीवन प्रभावित बन्दै गएको छ। दिउँसो १२ बजेपछि बेलुका ५ बजेसम्म अत्यधिक गर्मी र तातो हावा 'लू' चल्ने गरेको छ।

जल तथा मौसम विज्ञान विभाग फिल्ड कार्यालयका अनुसार नेपालगञ्जको अधिकतम तापक्रम बढेको हो । तातो हावाबाट थकाइ लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, मांसपेशी दुख्ने, बान्ता आदि हुनसक्ने देखिएकाले सोबाट बच्न विभिन्न उपाय अपनाउन महाशाखाले अनुरोध गरेको हो ।

तातो हावाबाट बच्न गर्मी समयमा घरभित्र अर्थात् चिसो स्थानमा रहने, बाहिरी वातावरणमा बढी नजाने, हल्का लुगा लगाउने, सुती कपडा लगाउने, बाहिर निस्कँदा टाउको छोप्ने, टोपी लगाउने, पानी तथा झोलिलो पदार्थ प्रशस्त मात्रामा सेवन गर्ने, स्वास्थ्यमा समस्या भएमा स्वास्थ्यकर्मीसँग सम्पर्क गर्न भेरी अस्पतालका फिजिसियन डा. पारश श्रेष्ठले आग्रह गरे ।

अत्यधिक गर्मीले नेपालगञ्जको तापक्रममा उतारचढाव हुने गरेको छ। दिउँसोको समयमा चल्ने सुक्खा तातो हावाका कारण जनजीवन प्रभावित बन्दै गएको छ। चर्को गर्मी र तातो हावाका कारण दैनिक ज्याला मजदुरी गरेर हातमुख जोड्ने वर्गलाई धेरै प्रभाव परेको छ। दैनिक रूपमा ठेला चलाउने, रिक्सा चलाउने तथा अन्य ज्यालादारी गर्ने मजदुरलाई समस्या परेको नेपालगञ्ज उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष नन्दलाल बैश्यले बताए ।

चर्को गर्मी र तातो हावाका कारण सरकारी तथा गैरसरकारी कार्यालयमा सेवाग्राहीको उपस्थिति पनि पातलिएको छ। अत्यावश्यक काम भएका सेवाग्राहीमात्र कार्यालयमा आउने गरेका छन् । भेरी अस्पतालमा पनि बिरामीको चाप बढेको डा. श्रेष्ठले बताए ।

दिउँसोको समयमा सुनसानजस्तो देखिने नेपालगञ्जको बजार साँझको समयमा भने भीडभाड हुने गरेको छ। बजारका विभिन्न चोक तथा पसलमा काँक्रो, खरबुजा, लस्सी, आइसक्रिम, कुल्फी तथा चिसो पेयपदार्थ सेवन गर्ने सर्वसाधारणको संख्या उल्लेख्य देखिन्छ। *रासस*

# खानीखोलामा 'श्रमाधान कल सेन्टर' सञ्चालन

**काभ्रेपलाञ्चोक (प्रस)**– जिल्लाको दुर्गम खानीखोला गाउँपालिकामा श्रम तथा रोजगार क्षेत्रसँग सम्बन्धित गुनासो तत्काल सम्बोधन गर्ने उद्देश्यले 'श्रमाधान कल सेन्टर' सञ्चालनमा ल्याइएको छ ।

उक्त सेन्टरबाट असल श्रमसम्बन्ध, आन्तरिक तथा वैदेशिक रोजगार र सामाजिक सुरक्षा क्षेत्रसँग सम्बन्धित सेवाग्राही एवं सरोकारवालाका समस्या, जिज्ञासा, गुनासा र सुझावलाई प्रत्यक्ष संकलनसहित सम्बोधन गरिने जनाइएको छ। उक्त स्थानीय तह संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा 'अति दुर्गम' मा सूचीकृत गाउँपालिका हो ।

सेन्टरमार्फत प्रधानमन्त्री रोजगार कार्यक्रम, सामाजिक सुरक्षा कोषका काम कारबाहीबारे जिज्ञासा तथा सरोकारवालालाई जानकारी दिइने र गुनासाको सुनुवाइ गरी तत्काल समस्या समाधानमा पहल गरिने गाउँपालिकका अध्यक्ष इन्द्रबहादुर थिङले बताए। उनका अनुसार सेन्टरको सञ्चालनबाट गाउँपालिकास्थित निकायका कार्यक्षेत्रसँग सम्बन्धित आधिकारिक सूचनाको तत्काल प्रवाह भई सेवाग्राहीका समस्याको शीघ्र सम्बोधन हुने अपेक्षा गरिएको छ ।

यस्तै दैनिकरूपमा प्राप्त हुने गुनासालाई सुनुवाइ गरी तत्काल सम्बोधन गर्न, जानकारी लिन वा गुनासो सेन्टरबाट सम्बद्ध निकायमा सम्पर्क एवं समन्वय गर्न र सम्बन्धित निकायलेसमेत तत्काल सम्बोधन गरे-नगरेको विषयमा गाउँपालिकाबाट नियमित अनुगमन एवं ताकेता गर्न सकिने व्यवस्था मिलाइएको थिङले बताए। यसका लागि गाउँपालिकाको केन्द्रस्थान साल्मेचाकलमा सेवाग्राहीले सेन्टरका नि:शुल्क फोन तथा सेन्टरको क्युआर कोड स्क्यानमार्फत नि:शुल्क गुनासो गर्न सकिने व्यवस्था गरिएको छ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले यही साताबाट श्रम तथा रोजगारसँग सम्बन्धित नेपाली श्रमिकका समस्या समाधान र श्रमबजारमा सुधार ल्याउने उद्देश्यसहित 'श्रमाधान' अभियानअन्तर्गत 'सेकेन्ड इनिङ्स,' रोजगार बैंक, समता, कनेक्ट, साथ, कल सेन्टर, पेसागत यात्राको सहयात्रीलगायत कार्यक्रम अभियानकारूपमा लैजाने योजना सुरुआत गरेको छ ।

# बागमतीमा तीनदिने युवा सम्मेलनको तयारी

**मनहरी (प्रस)**– बागमती प्रदेश युवा परिषद्ले दोस्रो प्रदेश युवा सम्मेलन आयोजना गर्न लागेको छ । समाजिक विकास मन्त्रालयअन्तर्गत प्रदेश युवा परिषद्ले आगामी वैशाख २८, २९ र ३० गते आयोजना गर्न लागेको सम्मेलनको तयारी अन्तिम चरणमा रहेको प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईंले जानकारी दिए। युवालाई सामाजिक र सार्वजनिक जीवनमा सहभागी गराउने, नवप्रवर्तन र उद्यमशीलता विकास गर्ने उद्देश्यले सम्मेलनको आयोजना गरिन लागेको चौलागाईंले बताए।

परिषद्ले प्रदेश युवा नीति-२०७९ तयार पारेपछि प्रदेशमा युवाका लागि काम गर्न आवश्यक सल्लाह, सुझाव संकलन गर्न र अवधारणा निर्माण गर्न पनि सम्मेलन उपयोगी हुने विश्वास उनले व्यक्त गर्नुभयो। युवा पुस्तामा चरम निराशाबीच आशा जगाउन युवा सम्मेलन आवश्यक रहेको उनको भनाइ छ । युवा सम्मेलनमा दुई सयजना युवाको सहभागिता रहने बताइएको छ । सम्मेलनमा विभिन्न कार्यशाला हुने छ। युवा सम्मेलनको अन्तिम दिन मुख्यमन्त्रीसँग युवा कार्यक्रम गरी समापन गरिने उपाध्यक्ष चौलागाईंले जानकारी दिए।

युवा सम्मेलनपश्चात् 'युवा सीप वर्ष २०८१' घोषणा गरिने चौलागाईंको भनाइ छ। यस वर्ष प्रदेशका पाँच हजार युवालाई १० वटा क्षेत्रमा १०० भन्दा माथिको पेसाका सीप सिकाइ सीप परीक्षणपश्चात् टेवा पुँजी प्रदान गरिने उनले बताए । निर्माण, कृषि, सेवा, होटल तथा पर्यटन, होजियारी तथा तयारी पोसाक र सूचना तथा सञ्चारको क्षेत्रमा तालिम दिइने छ। तालिम स्थानीय तह, सामुदायिक विद्यालय, कलेज, सामाजिक संस्थाको समन्वयमा सञ्चालन हुने छ। तालिमपश्चात् सामाजिक विकास मन्त्रालय, सिटिइभिटी र प्रदेश युवा परिषद्को त्रिपक्षीय सम्झौतामा सीप परीक्षण हुने चौलागाईंले बताए ।

## संस्थापक शेयर खरिद गर्न चाहनुहुने महानुभावहरूलाई जरुरी सूचना

(प्रकाशित मितिः २०८१/०१/२६)

यस संस्थाका संस्थापक शेयरधनीहरुले आफ्नो नाममा रहेको संस्थापक शेयर बिक्री गर्ने इच्छा जाहेर गरी यस संस्था समक्ष निवेदन दिएकोमा उक्त निवेदन संचालक समितिको बैठकमा पेश हुँदा रित पुऱ्याई खरिद विक्री गर्ने प्रक्रिया अगाडि बढाउने निर्णय भएकोले सो संस्थापक शेयर खरिद बिक्रीमा साविकका संस्थापक शेयर धनीहरुलाई प्राथमिकता दिनुपर्ने विद्यमान ब्यवस्था बमोजिम संस्थापक शेयरधनीहरुको जानकारीको लागि ३५ दिने सूचना प्रकाशित गर्दा संस्थापक शेयरधनीले शेयर खरिद गर्न नआउनु भएकोले उक्त बिक्रीमा रहेको संस्थापक शेयर खरिद गर्न इच्छुक एवं नेपाल राष्ट्र बैंकवाट निर्देशन गरे बमोजिम योग्य व्यक्ती/कम्पनीले संस्थाको प्रधान कार्यालय कमलादी काठमाण्डौमा ७ दिन भित्र निवेदन दिनु हुन अनुरोध छ। साथै बिक्री हुने संस्थापक शेयर संख्या एवं शर्तहरुका सम्वन्धमा संस्थाको मुख्य कार्यालयमा सम्पर्क राख्नु हुन समेत अनुरोध छ ।

**RELIANCE FINANCE LIMITED**
**रिलायन्स फाइनान्स लिमिटेड**

**Head Office:** Reliance Bhawan, Kamaladi, Kathmandu
Tel: +977-1-5361104, 5323117, 5361041, 5361167, 5903698
info@reliancenepal.com.np | www.reliancenepal.com.np

वित्तीय सेवाको अर्को परिभाषा

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस Panchasorna Group Pvt. Ltd. कम्पनीले CHINA बाट पैठारी गरेको दोहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि.नं. | मालबस्तुको विवरण | आकार प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पत्तिको मुलुक राष्ट्र | ईकाई | ईकाई प्रति मूल्य | प्रति इकाइ अधिकतम खुद्रा बिक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RANGEHOOD CHIMNEY | N/A | PANCHAFRESH | PS82-24Y01 | N/A | CHINA | PCS | 6,770.00 | 7,640.00 | |
| 2 | RANGEHOOD CHIMNEY | N/A | PANCHAFRESH | PS82-24Y02 | N/A | CHINA | PCS | 6,800.00 | 7,680.00 | |
| 3 | RANGEHOOD CHIMNEY | N/A | PANCHAFRESH | PS82-24Y03 | N/A | CHINA | PCS | 7,060.00 | 7,960.00 | |

बिक्रेताको फर्मको नामः **Panchasorna Group Pvt. Ltd.** — स्थायी लेखा नं: **606749170**

ठेगानाः **Pespsikola-32, Kathmandu, Nepal** — फोन नं: **9801171012**

**Sudurpashchim Province Government**
**Ministry of Physical Infrastructure Development**
**Water Resources and Irrigation Development Division Office**
**Kanchanpur**

## Invitation for Bids

**Notice No: 03-2080/81**
**Date of first publication 2081/01/26 (2024/05/08)**

1. Water Resources and Irrigation Development Division Office, Kanchanpur invites electronic bids from eligible bidders for the contracts named below.

| S.N. | Contract No. | Bid Security Amount (NRs.) | Fee for Bid Document (NRs.) | Bid/Bid Security Validity Period (days) | Estimated Amount |
|---|---|---|---|---|---|
| 1 | WRIDDO/Kanchanpur/Rautela ISP/WORKS/NCB/04/080-81 | 6,00,000/- | 5000/- | 90/120 days | – |
| 2 | WRIDDO/Kanchanpur/Beldadi ISP/Works/NCB/05/080-81 | 3,20,000/- | 3000/- | 90/120 days | 1,28,23,605.33/- (Excluding VAT) |

2. Bidders may obtain further information at the office of Water Resource and Irrigation Development Division Office, Tel:+977- 099-521308 or may visit PPMO e-GP system http:www.bolpatra.gov.np/egp
3. Bidding Document is available online and can be downloaded from e-GP system http:www.bolpatra.gov.np/egp
4. Bidders shall have the option of submitting their bids electronically only. Submission of Hard copy bids shall not be entertained.
5. Matters not covered in this notice shall be in accordance with prevailing rules and regulations of GoN.
6. Please notice that amendments (if any) will be published only in http://bolpatra.gov.np/egp

**Division Chief**

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **MASKED CAFÉ SERVING DRINKS**

पूर्व स्वीकृति मिति : २०८१/०१/२४ — LT. No.304277 — चलानी नं. ६०२१९०९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | My Coffee | 1 | 0 | 1300 | ४६,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २ गते (15th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले — **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GREEN LIGHT OVERSEAS PVT. LTD** — श्रम ईजाजत नं. 1365/074/75
Basundhara-3, Kathmandu Tel : +977-1-5905757, 5905758, 9851358431
Email:info@green-lightgroup.com, Web:green-lightgroup.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **CONVERT ENGINEERING & TRADING**

पूर्व स्वीकृति मिति:२०८०/०३/११ — पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२५ — LT. No. 288601 — चलानी नं. ६०२०३८९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 18 | 0 | 1000 | ३६,४२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Plaster Worker | 16 | 0 | 1200 | ४३,७०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २ गते (15th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले — **सेवा शुल्कः** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Nepal Recruitment Consultancy Pvt. Ltd.** — श्रम ईजाजत नं. १००४/०६८/०६९
Sambhu Marg-Airport, Kathmandu, Nepal, Tel.: +977-1-4585649/ 4585648/ 4585647

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **RUME SUPER MARKET**

पूर्व स्वीकृति मिति २०८०/०२/१६ — पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२५ — LT. No. 286819 — चलानी नं. ६०२०२२५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 08 | 0 | 1400 | ५०,८१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Salesman | 06 | 0 | 1400 | ५०,८१५ | | | | | | | |
| 3 | Foreman | 04 | 0 | 2500 | ९०,७४५ | | | | | | | |
| 4 | Gen.Clean Worker | 01 | 0 | 1000 | ३६,२९५ | | | | | | | |
| 5 | Supervisor | 02 | 0 | 2500 | ९०,७४५ | | | | | | | |
| 6 | Sales Manager | 01 | 0 | 4600 | १,६६,९७० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २ गते (15th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले — **सेवा शुल्कः** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Jasmine Overseas Pvt. Ltd.** — श्रम ईजाजत नं.८७४/०६६/०६७
Basundhara, Dhapasi Chauki, Kathmandu,Nepal, Tel : +977-1-4365056, 4387950, 4389279

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ALMASYIA UNITED CO FOR DELIVERY OF CONSUMER GOODS.**

पुर्व स्वीकृति मिति २०८०/०२/२६ — पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२५ — LT No :287519 — चलानी नं. ६०२०२९११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 5 | 0 | 140 | ६०,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २ गते (15th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले — **सेवा शुल्कः** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Ganapati Overseas Pvt.Ltd.** — श्रम ईजाजत नं. २५८/०५८/०५९
Sinamangal -9 Kathmandu, Mobile: 9813951511, 9810195400,9851023416,9813906565,9851002766
Email: ganapatioverseas8093@gmail.com

## MAURITIUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : **G.S STEEL LTD**

पूर्व स्वीकृति मिति : २०८०/०९/१३ — पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२५ — LT. No.:296973 — चलानी नं.: ६०२१२९८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Welder Grade II | 80 | 0 | 15000 | ४३,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः युनिभर्सल ट्रेनिङ सेन्टर-३, काठमाडौंमा मितिः २०८१ जेठ २ र ३ गते (15 & 16 May 2024) मा हुनेछ ।

कम्पनी : **NORTHERN PRINTING LTD**

पूर्व स्वीकृति मिति : २०८०/१२/०८ — पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२५ — LT. No.:301941 — चलानी नं.: ६०२१७५१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Book Binders | 5 | 0 | 18500 | ५३,२७० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Graphic Designers | 5 | 0 | 18500 | ५३,२७० | | | | | | | |

कम्पनी : **PICK AND BUY LIMITED**

पूर्व स्वीकृति मिति २०८१/०१/०२ — पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२५ — LT. No. 303424 — चलानी नं.६०२१८२९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing Machine Operator | 100 | 0 | 16500 | ४७,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cold Room Attendant | 30 | 0 | 16500 | ४७,३५५ | | | | | | | |
| 3 | Meat Fish Cutter | 30 | 0 | 16500 | ४७,३५५ | | | | | | | |
| 4 | Bakery Operator | 20 | 0 | 16500 | ४७,३५५ | | | | | | | |
| 5 | Cook | 20 | 0 | 16500 | ४७,३५५ | | | | | | | |
| 6 | Pastry Maker | 15 | 0 | 16500 | ४७,३५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २ गते (15th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले — **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.** — Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4526853
Mobile: 9851086232
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np

# ट्रेलरमा 'पुजार सार्की'




■ प्रभाव संवाददाता

**काठमाडौं –** आगामी जेठ १० गते विश्वव्यापी रूपमा एकसाथ रिलिज हुने बहु प्रतीक्षित नेपाली चलचित्र 'पुजार सार्की'को ट्रेलर सार्वजनिक गरिएको छ । काठमाडौंको वन सिनेमामा एक समारोहको आयोजना गर्दै ४ मिनेट लामो ट्रेलर सार्वजनिक गरिएको हो ।

समारोहमा यस चलचित्रका कलाकारहरू प्रदीप खड्का, आर्यन सिग्देल, अञ्जना बराइली, परीक्षा लिम्बु, मोहन निरौला, लोकेन्द्र लेखक, सुवास गजुरेल, विद्या कार्की, शङ्कर आचार्य, निर्देशक दिनेश राउत, लेखक विकास सुवेदी, निर्माता सुवास भुसाल लगायतको उपस्थिति थियो ।

ट्रेलरमा जातीय विभेदले समाजका हरेक तह र तप्काका मानिसहरूलाई पारेको व्यक्तिगत, मानसिक र सामाजिक असरलाई उतारिएको छ । ट्रेलरमा अभिनेता पल शाहलाई समाज परिवर्तन गर्न अग्रसर युवाको भूमिकामा प्रस्तुत गरिएको छ । ट्रेलर रिलिज समारोहमा भने शाह उपस्थित थिएनन् । अर्को चलचित्रको छायाङ्कनमा व्यस्त रहेका कारण उनी सो कार्यक्रममा उपस्थित नभएका हुन् ।

'पुजार सार्की'का यसअघि सार्वजनिक पोस्टर, टिजर तथा गीतहरू 'दर्शन गरें' र 'रिमै'लाई अत्यधिक रुचाइएको छ । यस चलचित्रमा तारा शर्मा, प्रेम सुब्बा, गोविन्द रमण पराजुली, राजेश बिसुराल लगायतको पनि यस चलचित्रमा अभिनय रहेको छ ।

वर्ष २०८१ को लागि सर्वाधिक प्रतीक्षामा रहेको 'पुजार सार्की'लाई दिनेश राउतले निर्देशन गरेका हुन् । दर्शकको रोजाइका तीन स्टारहरूको अभिनय रहेको यस चलचित्रलाई लिएर लामो समयदेखि व्यापक चर्चा भइरहेको छ । 'प्रसाद', 'क्लासिक', 'नोभेम्बर रेन', 'प्रकाश' लगायतका सफल चलचित्रका निर्देशक राउतले हालसम्म दर्शकलाई निराश बनाएका छैनन् । यो चलचित्रलाई विकास सुवेदीले लेखेका छन् । यसअघि विकास र दिनेशले चलचित्र 'प्रकाश'मा सहकार्य गरेका थिए । चलचित्रलाई सुवास भुसालले निर्माण गरेका हुन् । किङ्डम नेटवर्कको ब्यानरमा बनेको यो चलचित्र नेपालमा आरआर फिल्मसले वितरण गर्दै छ भने अन्तर्राष्ट्रिय बजारमा एमएसएम इन्टरटेन्मेन्टले वितरण गर्दै छ । डिजिटल वितरण ओएसआर डिजिटलले गरेको छ ।

निर्माता भुसालले नै यस चलचित्रको लागि सङ्गीत तयार गरेका छन् । हर्क साउद, बि. पाण्डे, दिनेश राउत र गणेश शाहीले यसका गीत रचना गरेका छन् भने प्रकाश सपूत, शान्ति श्री परियार, केतन क्षेत्री, देबेन्द्र बराल र मुना थटालले स्वर दिएका छन् । राजेश श्रेष्ठको डिओपी रहेको 'पुजार सार्की'लाई भरत रेग्मीले सम्पादन तथा सुप्रिम पराजुलीले कलर ग्रेडिङ तथा हिमाल केसीले द्वन्द्व निर्देशन गरेका छन् । चलचित्रको पोस्टर डिजाइन रोयल भीमसेन र ट्राइडेन्ट कन्सेप्टले गरेका हुन् ।

# 'मिस–मिस्टर सिनियर एण्ड जुनियर आइडल' हुँदै




■ प्रभाव संवाददाता

**काठमाडौं–** विद्यालयमा अध्ययनरत स-साना बालबालिकाहरूको कला, प्रतिभा प्रस्फुटन गर्ने उद्देश्यले 'मिस एण्ड मिस्टर सिनियर एण्ड जुनियर आइडल-२०२४' हुने भएको छ । आयोजक संस्था स्पार्कल इन्टरटेनमेन्टले राजधानीमा पत्रकार सम्मेलन गरी प्रतियोगिताबारे जानकारी गराएको हो ।

प्रतियोगिता जुनियर र सिनियर गरी दुई भागमा विभाजन गरिएको छ । आयोजकका अनुसार 'मिस एण्ड मिस्टर सिनियर एण्ड जुनियर आइडल'मा ६ देखि १२ वर्षसम्म जुनियर र सिनियरतर्फ १३ देखि १६ वर्षसम्मका बालबालिकाले सहभागी जनाउन पाउनेछन् ।

प्रतियोगिताको यो पहिलो संस्करण हो । यस संस्करणमा जुनियर र सिनियर गरी ५० जना प्रतियोगी अन्तिम प्रतिर्स्धाका लागि छनोट गरिने आयोजकले जनाएको छ । आयोजक संस्थाकी अध्यक्ष नीतु श्रेष्ठले ५० जना प्रतियोगी अन्तिम प्रतिस्पर्धाका लागि छनोट गर्ने बताइन् । उनले भनिन्, '४० जना छनोट भइसकेका छन् । अब १० जना प्रतियोगी छनोट गरिने छ ।'

अन्तिम प्रतिस्पर्धाका लागि छनोट हुने प्रतियोगीहरूलाई व्यक्तित्वविकास लगायतका विभिन्न ग्रुमिङ कक्षा दिइने छ । जेठ ४ गतेदेखि प्रतियोगीहरूलाई प्रशिक्षण दिइने कार्यक्रम संयोजक अमृता राईले जानकारी दिइन् । यस प्रतियोगिताको कोरियोग्राफी मोडल दिक्पाल कार्कीको गर्दैछन् ।

प्रतियोगिताको अन्तिम प्रतिस्पर्धा (ग्राण्ड फिनाले) जेठ २६ गते जमलस्थित राष्ट्रिय नाचघरमा हुने आयोजकले जनाएको छ । प्रतियोगितामा शीर्ष दुई विजेताले उपाधिसहित नगद पुरस्कार तथा विभिन्न गिफ्ट ह्याम्पर पाउने आयोजकले जनाएको छ ।

# मेनुकाको आँखामा कस्मेटिक प्रोथेस्टिक सर्जरी

**काठमाडौं (प्रस)–** गायिका मेनुका पौडेलको आँखामा 'कस्मेटिक प्रोथेस्टिक' भनिने कृत्रिम आँखा राखिएको छ ।

हालै तिलगंगा अस्पतालकी वरिष्ठ अकुप्लास्टिक सर्जन डा. पूर्णिमा राजकर्णिकार लगायतको समूहले कृत्रिम आँखा राखेको हो । 'कस्मेटिक प्रोथेस्टिक' राखिएपनि मेनुकाको दृष्टि भने फिर्ता नआउने भएको छ । कस्मेटिक प्रोथेस्टिक सर्जरीले बाहिरबाट हेर्दा आँखा राम्रो देखिने र चश्मा लगाउन नपर्ने मात्र हुने तर दृष्टी भने नफर्किने चिकित्सकहरूले बताएका छन् ।

अहिलेसम्म बनेको प्रविधिले मेनुकाको आँखामा दृष्टि फिर्ता ल्याउन नसक्ने तिलगंगाका चिकित्सक डा. सन्दुक रुइतले बताएका छन् ।



रंगशाला

# महिला राष्ट्रिय फुटबल टोलीलाई एनआइसी एसिया बैंकको सम्मान




■ प्रभाव संवाददाता

**काठमाडौं–** एनआइसी एसिया बैंकले वाफ महिला च्याम्पियनसिपमा दोस्रो भएको नेपाली महिला राष्ट्रिय फुटबल टोलीलाई नगदसहित सम्मान गरेको छ । बैंकले सोमबार महिला टोलीका २३ खेलाडी र अफिसियल गरि ३१ जनालाई जनही २५ हजार रूपैयाँले सम्मान गरेको हो । बैंकले टोलीलाई रात्री भोज पनि दिएको थियो ।

सम्मान कार्यक्रममा अखिल नेपाल फुटबल संघ (एन्फा) का अध्यक्ष पंकज विक्रम नेम्वाङले महिला टोलीको उच्च प्रदर्शनको लागि बधाई दिँदै सन् २०२७ र २०३१ को विश्वकप खेल्ने लक्ष्य लिएर टोलीलाई वाफ च्याम्पियनसिपमा भाग लिन पठाएको बताए ।

महिला टोली मुख्य प्रशिक्षक राजेन्द्र तामाङले महिला टोलीले वाफ च्याम्पियनसिपमा गरेको प्रदर्शन र यस्ता खाले सम्मानले सम्मानले पुरुष टोलीलाई पनि प्रेरणा दिएको बताए । महिला टोलीकी कप्तान एन्जिला तुम्बापो सुब्बाले सम्मानका लागि एनआइसी बैंकलाई धन्यवाद दिदै यस्तो सम्मानले खेलाडीको मनोबल बढ्ने बताइन् ।

फागुनमा साउदी अरबमा भएको वाफ च्याम्पियनसिपमा भाग लिएको नेपाली टोली पहिलो सहभागितामा नै फाइनल पुगेको थियो । जोर्डनसँग फाइनलमा ५-३ ले पराजित हुनुअघि खेलमा २-२ को बराबरी भएको थियो ।

एनआईसी एसिया बैंकका सहायक प्रमुख कार्यकारी अधिकृत सन्तोष कुमार राठीले महिला टोलीको असाधारण सफलताका कारण सम्मान गरिएको बताए ।

सोही अवसरमा बैंकले राष्ट्रिय टोली र त्रिभुवन आर्मी क्लबकी गोलकिपर अन्जना रानामगरलाई आफ्नो ब्राण्ड प्रमोटरको रूपमा घोषणा गरेको थियो । अहिलेको सम्झौता एक वर्षको रहने बताएको छ ।

# नेपाल इङ्ल्याण्डसँग २–० ले पराजित

**लन्डन (प्रस)–** बेलायतमा भएको नेपाली राष्ट्रिय फुटबल टिम र इंग्ल्याण्ड सी बिचको ऐतिहासिक खेलमा नेपाल पराजित भएको छ । बेलायतको अल्डरसटस्थित इबीबी रङ्गशालामा भएको मैत्रीपूर्ण खेलमा इंग्ल्याण्ड सीले २-० को जित हासिल गरेको हो ।

पहिलो हाफको १३ मिनेटमा नै इंग्ल्याण्ड सीले २ गोल गर्न सफल भएको थियो । वर्षाका कारण खेलाडीहरूले असहज परिस्थितिको सामान गर्नुपरेको थियो । सुरुमा कमजोर प्रस्तुति देखाए पनि पछिल्लो समयमा भने नेपाली खेलाडीहरूले उत्कृष्ट प्रदर्शनी गरेका थिए । टिम कप्तान तथा गोल किपर किरणकुमार लिम्बुको उत्कृष्ट प्रदर्शनीका कारण उनी 'म्यान अफ दि म्याच' पनि घोषित भए ।

८ हजार क्षमताको रङ्गशालामा करिब ७ हजार नेपाली तथा विदेशी दर्शकहरू जम्मा भएका थिए । बेलायतका लागि नेपाली राजदूत ज्ञानचन्द्र आचार्यसहित लन्डनस्थित दूतावासका कर्मचारी र बेलायतको नेपाली समुदायका अभियन्ताहरू सहभागी थिए ।

# अरहन्त मेमोरियल कपको उपाधि पर्वतलाई

**स्याङ्जा (प्रस)–** बाल विद्यालाई टाई ब्रेकरमा पराजित गर्दै पर्वत इङ्लिस बोर्डिङ स्कुल आठौं अरहन्त मेमोरियल कपको उपाधि जितेको छ । वालिङ खेल मैदानमा मंगलबार सम्पन्न फाइनलमा टाई ब्रेकरमा बाल विद्यालाई ५-३ गोल अन्तरले पराजित गर्दै पर्वतले उपाधि जितेको हो । निर्धारित समयको खेल गोलरहित बराबरीमा सकिएको थियो । त्यसपछि उपाधिको छिनिफानो पेनाल्टी सुटआउटमार्फत् गरिएको हो । पर्वतका लागि मुस्कान मल्ल, प्रशान्त गुरुङ, रेमन थापा, सृजन आले र श्याम परियारले गोल गरे ।

# रंगशाला पाँच दिनभित्र सुधार गर्न निर्देशन




■ प्रभाव संवाददाता

**काठमाडौं–** विश्व फुटबल महासंघ (फिफा) र एसियाली फुटबल महासंघ (एएफसी) ले दशरथ रङ्गशालाको स्तर सुधार गर्न दिएको निर्देशनका विषयमा युवा तथा खेलकुदमन्त्री विराजभक्त श्रेष्ठले मंगलबार दास्रो पटक सम्बद्ध निकायहरूसँग छलफल गरेका छन् ।

मन्त्री श्रेष्ठले मंगलबारमा दशरथ रङ्गशालामा राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्यसचिव टंकलाल घिसिङ र अखिल नेपाल फुटबल संघ (एन्फा) का अध्यक्ष पंकजविक्रम नेम्वाङलगायतका पदाधिकारीसँग छलफल गरी ५ दिनभित्र दशरथ रंगशालाको स्तर सुधारमा गरिएको प्रगति विवरण प्रस्तुत गर्न कडा निर्देशन दिएका छन् ।

मन्त्री श्रेष्ठले विश्व कप छनौट फुटबलको अर्को खेल नेपालमै गराउने वातावरण बनाउन पनि निर्देशन दिएका छन् । यसअघि मंगलबार बिहान मन्त्रालयमा भएको छलफल निष्कर्षविहीन रूपमा टुंगिएको थियो ।

दशरथ रंगशालाको रेखदेख हाल राखेपले आफ्नै अधीनमा लिएको छ । फिफा र एएफसीले दशरथ रंगशालाको स्तर सुधार गर्न एन्फासँग पत्राचार गरेको थियो । दशरथ रंगशालामा दर्शक र खेलाडीको सुरक्षा, फ्लड लाइटजस्ता विषयमा प्रश्न उठाएपछि यस विषयमा एन्फाले राखेप र युवा तथा खेलकुद मन्त्रालयलाई जानकारी गराएको थियो । दशरथ रंगशाला नेपालको एक मात्र अन्तर्राष्ट्रिय रंगशाला हो । पछिल्लो समय फिफा र एएफसीले दशरथ रंगशालाको विभिन्न पक्षमा प्रश्न उठाउँदै एन्फालाई स्तर सुधार गर्न सुझाव दिँदै आएको छ ।

फिफा र एएफसीले दशरथ रङ्गशाला निकै पुरानो भएकाले खेलका क्रममा दर्शकको सुरक्षाको विषयमा प्रश्न उठाएको हो । 'फ्लड लाइट' को विषयमा पनि प्रश्न गरिएको छ । दशरथ रङ्गशालामा रात्रिकालीन खेलका लागि जडान गरिएको 'फ्लड लाइट' को प्रकाश (उज्यालो) पर्याप्त नहरेको गुनासो आएपछि फिफा र एएफसीले यसप्रति चासो देखाएका हुन् ।

सन् १९९९ मा नेपालमा आयोजित आठौं दक्षिण एसियाली खेलकुदका क्रममा चीन सरकारले दशरथ रङ्गशालामा 'फ्लड लाइट' जडान गरिदिएको हो । आठौं दक्षिण एसियाली खेलकुदलाई नै ध्यानमा राखी चीन सरकारले सातदोबाटोस्थित खेलकुद परिसरमा पौडी पोखरी र सुटिङ रेन्जलगायतका पूर्वाधार पनि निर्माण गरिदिएको थियो ।

# रारा किनारमा प्रदेशस्तरीय कबड्डी

■ प्रभाव संवाददाता

**मुगु –** जिल्लाको छायाँनाथ रारा नगरपालिकामा पर्ने चर्चित पर्यटकीय क्षेत्र रारा ताल नजिकै प्रथम कर्णाली प्रदेशस्तरीय कबड्डी प्रतियोगिता आयोजना हुने भएको छ । बुधबारदेखि शनिबार (२८) सम्म चल्ने उक्त प्रतियोगितामा कर्णालीका १० जिल्लाका १७ ओटा टोलीले प्रतिस्पर्धा गर्नेछन् ।

छायाँनाथ रारा नगरपालिकामा वडा नम्बर ९ ठुलो ताल पर्यटकीय गन्तव्य रारामा सञ्चालन हुने कबड्डी खेल्न १० जिल्लाका महिला र पुरुष गरी १७ वटा टोली दर्ता भएको आयोजक संस्था जिल्ला खेलकुद विकास समिति मुगुका अध्यक्ष वीरेन्द्रबहादुर मल्लले जानकारी दिए । मल्लका अनुसार वैशाख २६ देखि २८ गते सम्म सञ्चालन हुने प्रतियोगिताका लागि ७ वटा महिला १० वटा पुरुष टोलीले सहभागिता जनाउँदै छन् । प्रतियोगिता भोलि राराको किनारमा रहेको ओखर बोटमा सुरु हुनेछ ।

तीन दिनसम्म सञ्चालन हुने कबड्डी खेलको सम्पूर्ण तयारी अन्तिम चरणमा पुगेको जिल्ला खेलकुद विकास समितिको कार्यालयले जनाएको छ । प्रतियोगितामा प्रत्येक टोलीका १० जना खेलाडीका दरले कूल १ सय ७० जना कबड्डी खेलाडीहरू सहभागी हुनेछन् भने कबड्डी खेल सञ्चालनका लागि २२ जना रेफ्री छनोट गरिएको मल्लले बताए ।

प्रतियोगिताले कर्णाली प्रदेशको राजधानी सुर्खेतमा आयोजना हुने दसौं राष्ट्रिय खेलकुदका लागि समेत खेलाडी छनोट गर्न सहयोग पुग्ने आयोजकको धारणा छ । खेलका माध्यमबाट राराको पर्यटन विकासमा टेवा पुऱ्याउन हेतु स्वर्गकी रानी भनेर चिनिने रारा किनारामा प्रदेश स्तरीय कबड्डी खेल सञ्चालन गर्न लागेको अध्यक्ष मल्लले जानकारी दिए ।



**मतदाताको भीड** | भारतमा जारी आमचुनावअन्तर्गत तेस्रो चरणको मतदानका क्रममा मंगलबार गुवाहाटी, आसामस्थित मतदान केन्द्रमा मतदान गर्न लाइनमा बसेका मतदाताहरू । *तस्बिरः रासस/सिन्ह्वा*

## म्यान्मामा चटचाङले प्रभावले ७३ को मृत्यु

**याङ्गुन (म्यान्मा)–** म्यान्माको विपद् व्यवस्थापन विभागलाई उद्धृत गर्दै आधिकारिक टेलिभिजन च्यानल एमआरटिभीले मंगलबार आर्थिक वर्ष २०२३/२४मा म्यान्मामा चटचाङबाट कूल ७३ जनाको मृत्यु भएको जनाएको छ ।

आर्थिक वर्षभरि अप्रिल-मार्चसम्म म्यान्माले देशभर कूल ६७ वटा चटचाङको अनुभव गरेको छ। चटचाङबाट २७ जना घाइतेसमेत भएका छन् । यस अवधिमा देशभर चटचाङबाट हताहतको संख्या हावाहुरीका कारण हुने हताहतको संख्याभन्दा बढी रहेको छ । म्यान्माकोको विपद् व्यवस्थापन विभागले चटचाङबाट हुने मृत्युको संख्या कम गर्न यसको सुरक्षाको बारेमा चेतना जगाउँदै गरेको प्रतिवेदनमा उल्लेख गरिएको छ । *रासस/सिन्ह्वा*

# भारतमा लोकसभाका लागि तेस्रो चरणको मतदान

**नयाँदिल्ली–** भारतमा मंगलबार लोकसभाको ९३ स्थानका लागि मतदान भएको छ । भारतीय निर्वाचन आयोगका अनुसार देशका १२ राज्य र केन्द्रशासित प्रदेशमा मतदान भएको हो ।

तेस्रो चरणमा आसामका चार, बिहारका पाँच, छत्तीसगढका सात, गोवाका दुई, गुजरातका २५, कर्नाटकका १४, महाराष्ट्रका ११, मध्यप्रदेशका आठ, उत्तर प्रदेशका १०, पश्चिम बंगाल राज्यका चार र केन्द्रशासित नगर हवेली एवं दामनका दुई स्थानमा चुनाव भएको छ ।

यस चरणमा १२० जना महिलासहित एक हजार ३०० उम्मेदवार चुनावी मैदानमा छन् । करिब १७ करोड मतदाताका लागि एक लाख ८५ हजार मतदानस्थलको व्यवस्था गरिएको थियो ।

मंगलबारका लागि तय भएको जम्मु काश्मिरको अनन्तनाग-रजौरीको निर्वाचन स्थगित गरिएको र उक्त निर्वाचन आगामी मे २५ का लागि तय भएको निर्वाचन आयोगले जनाएको छ ।



भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले गुजरातको अहमदाबादस्थित निशान माध्यमिक विद्यालयको मतदानस्थलमा मंगलबार मतदान गरे । यसअघि प्रधानमन्त्री मोदीले आमजनतालाई तेस्रो चरणको मतदानमा सक्रिय र व्यापक रूपमा सहभागी हुन आह्वान गरेका थिए ।

तेस्रो चरणको यस निर्वाचनमा केन्द्रीय गृहमन्त्री अमित शाह, मध्यप्रदेशका पूर्वमुख्यमन्त्री शिवराज सिंह चौहान र दिग्विजय सिंह, मन्त्रीहरू ज्योतिरादित्य सिन्दिया, मनसुख मान्डविय, समाजवादी पार्टीकी नेतृ डिम्पल यादव, भारतीय कम्युनिस्ट पार्टीका नेता सुप्रिया सुलेसमेतका नेताहरू चुनावी प्रतिस्पर्धामा छन् ।

यसअघि सन् २०१९ को चुनावमा मंगलबार मतदान भएका ९३ स्थानमध्ये भारतीय जनता पार्टीले ७२ स्थानमा जित हासिल गरेको थियो । मंगलबारको तेस्रो चरणको निर्वाचनपछि भारतीय लोकसभाको कूल सिट ५४० मध्ये आधामा मतदान सम्पन्न भएको छ । सात चरणमा भइरहेको भारतको लोकसभाको निर्वाचन गत अप्रिल १९ तारिखबाट सुरु भएर आगामी जुन १ तारिखमा सम्पन्न हुँदै छ ।

यस चुनावमा प्रधानमन्त्री मोदीको नेतृत्वको भारतीय जनता पार्टीले लगातार तेस्रोपटक विजय हासिल गर्नेगरी प्रचार गरिरहेको छ । *रासस/एएनआई*

## प्राविधिक समस्यापछि स्टारलाइनर अन्तरिक्ष यानको प्रक्षेपण स्थगित

**लस एन्जलस–** प्राविधिक समस्याका कारण सोमबार नासा र बोइङले 'स्टारलाइनर अन्तरिक्ष यान' को पहिलो क्रु मिसनको प्रक्षेपण स्थगित गरेका छन् । स्टारलाइनर एक अन्तरिक्ष यान हो । यसले २१औं शताब्दीको आविष्कारसँग वास्तुकला, सामग्री र उपप्रणाली प्रविधिहरू संयोजन गर्दछ ।

अमेरिकी राज्य फ्लोरिडाको केप क्यानाभेरल स्पेस फोर्स स्टेशन स्पेस लञ्च कम्प्लेक्स-४१ बाट उक्त अन्तरिक्ष यानलाई युनाइटेड लञ्च एलायन्स एटलस वी रकेटमा राति १०:३४ मा प्रक्षेपण गर्ने तालिका रहेको थियो । उडान परीक्षणले नासाका अन्तरिक्ष यात्री बुच विल्मोर र सुनी विलियम्सलाई अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसनमा लैजाने छ ।

नासाका अनुसार 'एटलस वी रकेट'मा सेन्टौरको माथिल्लो चरणमा टोलीले अक्सिजन राहत भल्भको मूल्यांकन गर्दै गर्दा प्रक्षेपणलाई स्क्रब गरिएको थियो । दुई अन्तरिक्ष यात्री स्टारलाइनरबाट बाहिरिएको र चालक दलको क्वार्टरमा फर्केको छ । क्रु फ्लाइट टेस्ट डब गरिएको यो मिसन नासाले बोइङको अन्तरिक्ष यानलाई संघीय एजेन्सीको कमर्सियल क्रु कार्यक्रमको भागका रूपमा नियमित सञ्चालनका लागि तयार भएको ठान्नुअघि अन्तिम कोसेढुंगा हुनसक्छ । *रासस/सिन्ह्वा*

# रफाह आक्रमणविरुद्ध राष्ट्रसंघीय प्रमुखको चेतावनी

**न्युयोर्क (अमेरिका)–** संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले सोमबार कडा चेतावनी जारी गर्दै रफाहको भूमि आक्रमण 'असहनीय' हुने बताएका छन् । उनले यसको विनासकारी मानवीय परिणाम तथा यस क्षेत्रमा सम्भावित अस्थिर प्रभाव हुने बताएका सिएनएनले उल्लेख गरेको छ ।

'रफाहमा स्थलगत आक्रमणले विनासकारी मानवीय परिणाम र यसको अस्थिर प्रभाव असहनीय हुने छ,' उनले भने, 'मैले इजरायली सरकार र हमासको नेतृत्वलाई युद्धविराम सम्झौतामा पुग्नका लागि अतिरिक्त प्रयास गर्न कडा अपिल गरेको छु, यो यस्तो अवसर हो जसलाई छाड्न सकिँदैन ।'

प्यालेस्टिनी सिभिल डिफेन्सका अनुसार मंगलबार बिहान रफाहमा धेरैवटा हवाई आक्रमणका कारण तनाव बढ्दा मानसिहरू हताहतमा परेका छन् भने कयौं घाइते भएका छन् । 'सिभिल डिफेन्स टोलीहरूले दक्षिणी गाजा पट्टीको रफाह प्रान्तका विभिन्न स्थानमा



सोमबार राति इजरायली लडाकु विमानहरूले बम प्रहार गरेका धेरै घरहरूको भग्नावशेषमुनिबाट धेरै सहिद र घाइतेलाई निकाल्न सफल भएका छन्,' प्यालेस्टिनी डिफेन्सको विज्ञप्तिमा भनिएको छ ।

सिभिल डिफेन्सले जारी गरेको तस्बिरहरूले बमबारी भएका घरहरूको भग्नावशेषमुनि हताहत भएका धेरैलाई फेला पारेको विज्ञप्तिमा उल्लेख छ । मंगलबार बिहान जारी एक फेसबुक पोस्टका अनुसार रफाहको कुवेत अस्पतालमा ११ जनाको मृत्यु भएको बताइएको छ । बढ्दो हवाई आक्रमणका बीच इजरायली प्रधानमन्त्रीको कार्यालयले सोमबार 'हमासमाथि सैन्य दबाब दिन' रफाहमा सैन्य कारबाही जारी राख्ने पुष्टि गरेको छ । इजरायली रक्षा बल (आइडिएफ) ले पूर्वी रफाहमा हमासका आतंकवादी लक्ष्यहरू विरुद्ध जारी लक्षित आक्रमणहरू गरेको बताएको छ ।

सिभिल डिफेन्सका अनुसार आइतबारदेखि सोमबारसम्म रातभर भएको घातक बमबारीपछि कम्तीमा २६ जनाको ज्यान गएको थियो । *रासस/एएनआई*

## इजरायली सेनाद्वारा गाजाको राफाह सीमा क्रसिङमा आक्रमण

**गाजा–** प्यालेस्टिनी र इजरायली स्रोतका अनुसार इजरायली सेनाले मंगलबार गाजापट्टीको दक्षिणी भागमा रहेको राफाह सीमा क्रसिङमा आक्रमण गरेको छ । प्यालेस्टिनी स्रोतहरूले सिन्ह्वालाई इजरायली ट्यांकहरूले राफाह सीमा क्रसिङमा आक्रमण गरेको तथा इजरायली सेनाले यसलाई नियन्त्रण गरी प्यालेस्टिनीहरूलाई क्रसिङबाट सर्नबाट रोकेको बताए ।

गाजाको जनरल अथोरिटी फर क्रसिङ एन्ड बोर्डर्सको विज्ञप्तिमाअनुसार राफाह सीमा क्रसिङ र केरेम शालोम दुवैमा यात्रु र मानवीय सहायताको आवागमन रोकिएको छ । इजरायली सेनाले सीमा क्षेत्रमा ट्यांकी आक्रमण गरिरहेको भिडियो सार्वजनिक गरेको छ । यसैबीच, सामाजिक सञ्जालमा जारी गरिएका अन्य तस्बिरहरूमा राफाह सिमानाको प्रवेशद्वारमा इजरायली झण्डा फहराएको देखाइएको छ ।

युद्धग्रस्त तटीय इलाकामा २.३ मिलियनभन्दा बढी प्यालेस्टिनीहरूका लागि राफाह सीमा क्रसिङ एकमात्र एक माध्यम हो । सोमबार राति इजिप्टले प्यालेस्टिनी पक्षलाई राफाह क्रसिंगको प्यालेस्टिनी पक्षको वरपर इजरायलको सुरक्षा अभियान मंगलबार बिहान समाप्त हुने जानकारी दिएको एक उच्चपदस्थ सुरक्षा अधिकारीले सिन्ह्वालाई बताए ।

इजिप्टले इजिप्ट र गाजा पट्टीबीचको एकमात्र मार्ग राफाह क्रसिङको प्यालेस्टिनी पक्षको वरपर इजरायली आक्रमणको बारेमा सोधपुछ गरी इजरायलले मंगलबार बिहान अपरेसन समाप्त हुने प्रतिक्रिया दिएको स्रोतले जनाएको छ । स्रोतका अनुसार इजरायलले क्रसिङमा प्रवेश गर्ने छैन वा यसलाई नियन्त्रण गर्ने छैन । *रासस/सिन्ह्वा*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : WAJHAT AL MOZEN CONTRACTING EST.

पुर्व स्वीकृति मिति २०८१/०१/१२ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२५ | LT. No. 303739 | चलानी नं. ६०२१८५६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 17 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NASHI BIN MISFER AL MUTAIRI LOGISTICS SERVICES COMPANY IS ONE PERSON

पुर्व स्वीकृति मिति २०८१/०१/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२५ | LT. No. 303853 | चलानी नं. ६०२१८६३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 3 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २ गते (15th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८५/०५७/०५८

**Kapeel Manpower Pvt. Ltd.**
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DURUB AL NAHDA CORPORATION FOR WATER TRANSMISSION AND DISTRIBUTION

पुर्व स्वीकृति मिति २०८१/०१/२३ | LT No. 304286 | चलानी नं. ६०२१९०९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 1 | 0 | 1800 | ६४,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २ गते (15th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Career Development Human Resource Pvt. Ltd.**
श्रम ईजाजत नं. १२३०/०७४/०७५
Buddhanagar, New Baneshwor, Kathmandu, Nepal Phone : 01-4784063, 4784064, Fax: 01-4784063 E-mail: info@careerdevelopmenthr.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JADE EXPERIENCE FOR RESTAURANTS & CATERING CO.

पुर्व स्वीकृति मिति २०८०/०७/०२ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२५ | LT. No. :294194 | चलानी नं. ६०२०९३३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BUTCHER | 5 | 0 | 120 | ५१६९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | CLEANER (INDOOR) | 3 | 0 | 85 | ३६६१५ | | | | | | | |
| 3 | COMMIS (COOK) | 7 | 5 | 120 | ५१६९२ | | | | | | | |
| 4 | Dispatcher | 5 | 5 | 120 | ५१६९२ | | | | | | | |
| 5 | DRIVERS (LIGHT) | 10 | 0 | 140 | ६०३०८ | | | | | | | |
| 6 | Storekeeper | 10 | 0 | 130 | ५६००० | | | | | | | |
| 7 | Waitress | 0 | 15 | 120 | ५१६९२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २ गते (15th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**All Asia Overseas Pvt.Ltd**
श्रम ईजाजत नं. १३०५/०७४/०७५
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : S.A. SERVICES COMPANY W.L.L.

पूर्व स्वीकृति मिति: २०८१/०१/२५ | LT No. 304254 | चलानी नं. ६०२१९११८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 2 | 0 | 100 | ३५,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Finishing Carpenter | 2 | 0 | 120 | ४२,५३५ | | | | | | | |
| 3 | Heavy Driver | 1 | 0 | 150 | ५३,१७० | | | | | | | |
| 4 | Mason | 1 | 0 | 120 | ४२,५३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २ गते (15th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Faraz International Overseas Pvt. Ltd**
Govt. License 1553/079/80
Dhumbarai Mandikhatar, Budhanilkantha 9, Kathmandu, Nepal,
Contact: 9847416116, Email: hiringalfaraz@outlook.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । बीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्युनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६१८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - १३५४०० | प्रति तोला - १३४७५० | प्रति तोला - १६४० |

## 'निजी क्षेत्रलाई निरुत्साहित पारिँदैन'

■ प्रभाव संवाददाता



**काठमाडौं-** अर्थमन्त्री वर्षमान पुनले सरकारका तर्फबाट निजी क्षेत्रलाई निरुत्साहित गर्ने काम नहुने स्पष्ट पारेका छन् ।बैंक तथा वित्तीय क्षेत्रका प्रतिनिधिसँग आगामी आर्थिक वर्षको बजेटबारे सुझाव लिन मन्त्रालयमा आयोजित छलफलमा मन्त्री पुनले सरकार निजी क्षेत्रको अभिभावक पनि भएकाले ढुक्क भएर लगानी गर्न आग्रह गरे । 'राज्यका निकायले निजी क्षेत्रलाई तर्साउने र निरुत्साहित गर्ने काम गर्दैन', उनले भने, 'सरकारले निजी क्षेत्रलाई प्रवर्द्धन र सहजीकरण गर्ने हो ।'

त्यसअवसरमा मन्त्री पुनले सरकारको आगामी वर्षको नीति तथा कार्यक्रम र बजेटसँग मौद्रिक नीतिको सामाञ्जस्यता कायम गरिने समेत जानकारी दिए । त्यसका लागि नेपाल राष्ट्र बैंकसँग छलफल भइरहेको उनको भनाइ थियो । 'सरकार र नियामक भनेकै राज्य हो । राज्यको उद्देश्य र नीति एउटै हुन्छ', उनले भने, 'नीति तथा कार्यक्रम, वित्त नीति र मौद्रिक नीतिमा सामाञ्जस्यता कायम गरिन्छ ।'

मन्त्री पुनले गत वर्षको तुलनामा यस वर्ष अर्थतन्त्र चलायमान भएको र चालु आर्थिक वर्षभन्दा आगामी वर्ष थप चलायनमा हुने गरी बजेट ल्याउने तयारीमा आफू रहेको बताए । पुनले संविधानले निर्दिष्ट गरेको नीतिभित्र बसेर राज्यका निश्चित उद्देश्य प्राप्तिका लागि सहकार्य गरिने पनि उल्लेख गरे ।

'सबैको जोड संविधानले निर्दिष्ट गरेको आर्थिक नीतिभित्र बसेर निजी क्षेत्रलाई प्रवर्द्धन गर्ने, सहजीकरण गर्ने र मनोबल उठाउने गरी काम गर्ने हो', उनले भने, 'त्यसका लागि सरोकारवालाबीचमा छलफल र परामर्श भइरहेको छ ।' उनले अर्थतन्त्रमा राम्रो गरिरहेको नीतिले निरन्तरता पाउने स्पष्ट पारे । मन्त्री पुनले राज्य निजी क्षेत्रको अभिभावक भएकाले निर्धक्कसँग आफ्ना कुरा राख्न निजी क्षेत्रलाई आग्रहसमेत गरे । मुलुकको अवस्थितिअनुसारको आर्थिक नीति हुनुपर्ने चर्चा गर्दै मन्त्री पुनले नेपालको भू-राजनीतिक अवस्थितिअनुसार तत्काल प्रवर्द्धन गर्नुपर्ने क्षेत्र सूचना प्रविधि भएको आफूहरूलाई लागेको उल्लेख गरे ।

'हाम्रो भू-अवस्थितिअनुसार सूचना प्रविधि क्षेत्रमा केन्द्रित हुँदा त्यसबाट ठूलो सफ्यामा रोजगारी सिर्जना हुने र लगानी आउने सम्भावना बढी हुन्छ भन्ने हामीलाई लागेको छ', मन्त्री पुनले भने, 'बजेटमार्फत सूचना प्रविधि क्षेत्रलाई प्रवर्द्धन गर्ने सोच बनाएका छौं ।' यस्तै बजेटमा ऊर्जा, पर्यटन, कृषि, ठूला र मझौला पूर्वाधार क्षेत्रलाई प्राथमिकता दिइने उनको भनाइ थियो ।

## 'तयारी पोसाक निर्यातका विषयमा सरकार गम्भीर छ'

**काठमाडौं (प्रस)-** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले नेपालको तयारी पोसाक निर्यात हुन नसकेकामा चिन्ता व्यक्त गरेका छन् । नेपाल तयारी पोसाक उद्योग संघका तर्फबाट मन्त्रालयमा तयारी पोसाक उद्योगको प्रवर्द्धनबारे ज्ञापनपत्र बुझ्दै उनले तयारी पोसाकलगायत निर्यातजन्य वस्तु निर्यातका समस्या समाधानका विषयमा चाँडै निर्यात व्यवसायीसँग बृहत छलफल गर्ने बताए । मन्त्री भण्डारीले भने, 'निर्यात व्यवसायीसित बृहत छलफल गरेर ठोस निर्णय लिनुपर्ने छ, निर्यातको अवस्था सारै नाजुक भयो, नेपाली वस्तुको निर्यातका लागि मन्त्रालयबाट गर्नुपर्ने सबै किसिमका काम गर्न म प्रतिबद्ध छु, निर्यातका सवालमा पुँजीगत समस्या छ, यसमा हामी गम्भीर छौं, आगामी बजेटले यस विषयमा सम्बोधन गर्छ ।' सोही अवसरमा संघका अध्यक्ष पशुपतिदेव पाण्डेसहितको टोलीको ज्ञापनपत्र बुझेपछि वाणिज्य सचिव दिनेशकुमार घिमिरेले सम्बन्धित भन्सारका प्रमुखलाई तयारी पोसाक निर्यातमा सहजीकरण गर्न समन्वयका लागि निर्देशन दिए ।

संघले मन्त्री भण्डारी समक्ष तयारी पोसाकको उत्पादन र निर्यात प्रवर्द्धन गर्ने क्रममा संसारका प्रचलित नवीनतम प्रविधि, तदनुसारको प्रशिक्षण तथा लगानीलाई प्रोत्साहन गर्नु अपरिहार्य रहेको माग गरेको थियो । ज्ञापनपत्रमा भनिएको छ, 'मन्त्रालयअन्तर्गत द्विपक्षीय तथा बहुपक्षीय दातृ राष्ट्र/संस्थाहरूको आर्थिक/प्राविधिक सहायतमा सञ्चालन भइरहेका कार्यक्रम तथ आयोजनाबाट तयारी पोसाक उत्पादन निर्यात प्रवर्द्धन हेतु आवश्यक सहयोग उपलब्ध गराउनुपर्ने सूचीमा यस संघको नाम पनि समावेश गर्न अनुरोध छ ।'

काठमाडौं उपत्यका वा विकल्पमा निकटवर्ती जिल्लामा उपलब्ध पर्ति जग्गामध्येबाट करीब तीन सय रोपनी जग्गामा वातावरणमैत्री तयारी पोसाक ग्रामको अवधारणाअनुसार उपत्यका भरि छरिएर रहेका स-साना उद्योगलाई एकै स्थानमा स्थानान्तरण गरी सञ्चालन गर्ने प्रबन्ध गर्नसमेत संघले माग गरेको छ । ज्ञापनमा भनिएको छ, 'यस्तो हुन सकेमा अन्तर्राष्ट्रिय साना तथा मझौला क्रेताहरूलाई सरल पहुँच, महाविद्यालयका शिक्षार्थीलाई औद्योगिक अध्ययन-अवलोकन भ्रमण केन्द्र र एकीकृत औद्योगिक वातावरण निर्माणसमेत गर्न सकिने छ ।'

## नबिलको डिबेञ्चर बिक्री प्रबन्धकमा एसबिआई मर्चेण्ट

**काठमाडौं (प्रस)-** नबिल बैंक लिमिटेडले '८ प्रतिशत नबिल डिवेन्चर २०८९' नामक ऋणपत्र निष्काशनको लागि निष्काशन तथा बिक्री प्रबन्धकमा नेपाल एसविआई मर्चेण्ट बैंकिङ लिमिटेड नियुक्त गरेको छ । यस सम्बन्धमा दुई कम्पनीबीच सम्झौता पत्रमा हस्ताक्षर गरिएको छ । नबिल बैंक लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्र प्रसाद ढुंगाना र नेपाल एसविआई मर्चेण्ट बैंकिङ लिमिटेडका तर्फबाट प्रबन्ध सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत लेखनाथ पोखरेलले सम्झौता पत्रमा हस्ताक्षर गरेका हुन् ।

बैंकले प्रति ऋणपत्र १,००० रूपैयाँ अंकित मूल्यका ऋणपत्र निष्कासन गर्न थालेको हो । वार्षिक ८ प्रतिशत ब्याजदर रहेको यो ऋणपत्रको अवधि ८ वर्षको नै रहेको छ । ३० लाख कित्ताले हुन आउने ३ अर्ब रूपैयाँ बराबरको ऋणपत्र निष्कासन गरिने नबिल बैंकले जनाएको छ । यो ऋणपत्र मध्ये १८ लाख कित्ता ऋणपत्रले हुन आउने कूल रु. १ अर्ब ८० करोड ऋणपुंजी रकम व्यक्तिगत तवरबाट बिक्री गरिने तथा १२ लाख कित्ता ऋणपत्रले हुन आउने कुल रु.१ अर्ब २० करोड ऋणपुँजी रकम सर्वसाधारण नेपालीको लागि सार्वजनिक निष्काशनबाट निष्कासन गर्न थालिएको हो ।


ऐसेलुखर्क गाउँपालिका
गाउँ कार्यपलिकाको कार्यालय
ऐसेलुखर्क, खोटाङ, कोशी प्रदेश, नेपाल

आगलागीबाट बच्ने सम्बन्धी जनहितमा जारी सन्देश

गर्मी तथा हुरीबतासका समयमा आगलागीका घटनाहरू भइरहेका छन् । आफ्नो सानो कमजोरीले गर्दा पनि ठूलो धनजनको क्षति हुन सक्ने हुन्छ । सोबाट हुन सक्ने जनधनको न्यूनिकरण गर्न निम्नानुसार पूर्व तयारी अपनाऔं ।

१. सलाई, लाइटरजस्ता आगो बाल्ने सामाग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरूले भेट्ने ठाउँमा नराखौं ।
२. खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्यास प्रयोगकर्ताले चुलो रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं ।
३. चुरोट बिँडीजस्ता वस्तुहरु प्रयोगपश्चात जथाभावी नफालौं र आगो राम्रोसँग निभाऔं ।
४. पेट्रोल, डिजेल, ग्याँस स्टेशनको वरिपरि सलाई, लाइटरजस्ता सामाग्रीको प्रयोग नगरौं ।
५. आगलागीका घटना भएमा तत्कालै दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं ।
६. सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नी नियन्त्रक उपकरण राख्ने व्यवस्था मिलाऔं ।
७. आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा अशक्तहरूको सुरक्षामा विशेष ध्यान दिऔं ।
८. आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं ।
९. आगोको वरिपरि छिटै सल्किने सामानहरु नराखौं ।
१०. वन तथा जंगलमा डढेलो नलगाऔं, जनधन र वनको संरक्षण गरौं ।
११. हावाहुरी आउन थालेपछि घरको झ्यालढोका बन्द गरौं ।
१२. हावाहुरी तथा आगलागीबाट आफू पनि बचौं अरूलाई बचाऔं ।
१३. हावाहुरी चलेको समयमा छानाको हुकहरु के कस्तो अवस्थामा छ, सबै अनुगमन गरी हुक कसेर राखौं,
१४. छतका गमालाहरु सुरक्षित रूपमा मिलाएर राखौं,
१५. हावाहुरी चलेको समयमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
१६. हावाहुरी तथा आगलागीबाट हुने क्षति हुन नदिन वा कम गर्न पूर्वतयारी एवम सतर्कता अपनाऔं
१७. यस्तो समयमा केटाकेटी बालवच्चा र वुढाबुढीहरु तथा असाहय अपाङ्गता भएकालाई मात्र घरमा नछोडौं ।
१८. कहीकतै आगलागी भइरहेको छ भने फोटा खिचेर भिडियो बनाएर नबसौं आगो नियन्त्रण गर्न तथा उद्दार गर्नतर्फ सचेत बनौं ।
१९. गाउँ-गाउँमा यस्ता घटना हुन नदिनको लागि तथा भइहालेमा के कसरी बच्न सकिन्छ भन्ने उपायहरूको जनचेतना अभियान चलाऔं ।
२०. संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारलाई घटना हुन नदिनका लागि गरिने सरकारी तयारी साथै भइहालेमा उद्दार तथा राहत कार्यमा तत्परता देखाउन आ-आफनो ठाउँबाट खबरदारी गरौं ।



